Biglife®/

# चेला बनाउनेहरुलाई चेला बनाउने

मोड्युल १ - प्रशिक्षण स्रोतहरू सहितको पूर्ण संस्करण

# चेलापन प्रशिक्षण सिंहावलोकन

**यस प्रशिक्षणले तपाईंलाई चेलापन अभियान सुरु गर्नलाई मद्दत गर्न निम्न विषयहरू समेट्नेछः**


- ✓ तपाईंलाई चिनेका मानिसहरूसँग आफ्नो कथा र परमेश्वरको कथा कसरी साझा गर्ने
- ✓ तपाईंको घरमा (वा कहिँ पनि) भेट्ने ३/३ चेलापन ढाँचा प्रयोग गरेर समूह कसरी सुरु गर्ने
- ✓ पैदल प्रार्थना यात्रा
- ✓ शान्तिको व्यक्तिको पहिचान
- ✓ प्रशिक्षण चक्र मार्फत कसरी चेलापन उपकरणहरू प्रदान गर्ने (नमूना, मद्दत, हेर्नुहोस् र छोड्नुहोस्)

**समुदायलाई रूपान्तरण गर्ने चेलापन अभियानको गुणनात्मक बृद्धि सुरु गर्न तपाईंलाई मद्दत गर्नका लागि हाम्रा चारवटा मोड्युलहरूले कसरी सँगै काम गर्छ भन्ने तरिकाको सारांश तल दिइएको छः**

**मोड्युल १** प्रशिक्षण माथि सूचीबद्ध अवधारणाहरूमा केन्द्रित छ, र तलको यो त्रिकोण हामीले मोड्युल १ प्रशिक्षणबाट बनाउन चाहेको चेलाहरूको समूदायको दृष्य प्रतिरुप हो । **मोड्युल २** प्रशिक्षण त्यस्ता व्यक्तिहरुका लागि हो जोसँग समूहहरुका धेरै पुस्ताहरुको साथमा एक उदियमान चेलापन अभियान छ। यसले तपाईंलाई यस अभियानको लागि प्रशिक्षित गर्ने र राम्रोसँग हेरविचार गर्ने सीपहरु प्रदान गर्दछ। **मोड्युल ३** चाहिँ मौखिक प्रशिक्षार्थीहरुका लागि मोड्युल १ जस्तै हो । **मोड्युल ४** चाहिँ हाम्रा छिमेकीहरुप्रतिको हाम्रो प्रेमको खोला हो ।यसले तपाईंलाई परिवर्तन भएको हेर्नको लागि तपाईंको समुदायलाई कसरी संलग्न गर्ने भनेर सिकाउँछ। यसले विशेष गरी विकासको लागि शक्तिमा आधारित दृष्टिकोणमा आधारित मानिसहरूको भौतिक र आत्मिक आवश्यकताहरू पूरा गर्ने दुवै सेवकाईको समग्र दृष्टिकोणमा केन्द्रित गर्दछ।

### मोड्युल १: चेला बनाउनेहरुलाई चेला बनाउने

- ✓ सुसमाचार कसरी सुनाउने
- ✓ समूहहरु कसरी सुरु गर्ने (३/३ ढाँचामा)
- ✓ तपाईंका चेलाहरु कसरी पुनरुत्पादन गर्ने (MAWL)




### मोड्युल ३: चेला बनाउनेहरुलाई चेला बनाउने

- ✓ मोड्युल १ बाट उही अवधारणाहरू, केवल मौखिक शिक्षार्थीहरूका लागि (पढ्न नसक्ने मानिसहरू)

### मोड्युल २: सञ्जाल र सम्बन्धहरुको हेरबिचार

- ✓ तपाईंसँग एउटा उदीयमान अभियान छ र यसलाई कसरी हेरबिचार गर्ने र प्रशिक्षण दिने भनेर जान्न आवश्यक छ।
- ✓ तपाईंले प्रशिक्षण/मेन्टोरिङ सीपहरू सिक्नुहुनेछ।
- ✓ तपाईंले संसारमा पुग्न सक्ने सञ्जालको रुपमा कसरी काम गर्ने भनेर सिक्नुहुनेछ !

### मोड्युल ४: समूदाय रुपान्तरण

- ✓ तपाईं परिवर्तन भएको हेर्न आफ्नो समूदाय संलग्न गर्न चाहनुहुन्छ।
- ✓ तपाईंले समग्र सेवकाईको बारेमा सिक्नुहुनेछ।
- ✓ तपाईंले शक्तिमा आधारित सामुदायिक विकासको बारेमा सिक्नुहुनेछ।

# प्रशिक्षण समय तालिकाको नमूना

**दिन - १**

८:०० — पिताको हृदय, गति र बिगलाइफको मिसन....4
८:१५ — परिचय र सुनुवाई....4
८:४५ — चेला र चर्चको परिभाषा....5-6
९:१५ — बिश्राम
९:३० — गुणनात्मक बृद्धिको अवधारणाहरु.... 7
९:४५ — किन ? कसलाई ? कसरी ? - सिंहावलोकन....8
१०:०० — किन ? - ४ आज्ञाहरु र ४ बोलावटहरु....8
१०:३० — कसलाई ? - २० (अथवा १००) को नक्शा/सूची, सूची लेख्न अभ्यास गर्ने.... 9-13
११:०० — कसरी ? - तपाईंको कथा र तपाईंको कथा बताउन अभ्यास गर्ने.... 14
१२:०० — दिउँसोको खाना
१०:३० — कसरी ? - परमेश्वरको कथा र परमेश्वरको कथा बताउन अभ्यास गर्ने....15-17
१:३० — शान्तिका मानिसहरु र पैदल प्रार्थना यात्रा....18-19
२:०० — पैदल प्रार्थना यात्रामा जानुहोस्
३:०० — पहिलो सामुहिक पाठ - ३-भागको समूह संरचना बताउनुहोस्, समूह सिद्धान्तहरु, पाठ सुरु गर्नुहोस्...20-29
३:३० — समूह अभ्यास - ट्याक लेसन #३ सुरु गर्नुहोस् (सम्पूर्ण समूहको लागि प्रशिक्षक नमूना)
४:३० — प्रशिक्षण चक्र [MAWL] र एकैपटक दुई समूहहरुको भाग....30-31
५:०० — सोधखोज गर्नुहोस् (यदि यो एक दिवसीय तालिम हो भने प्रतिबद्धताहरु गर्नुहोस्) र प्रार्थना गरेर अन्त्य गर्नुहोस् ।

**दिन - २**

८:०० — दोस्रो सामुहिक पाठ - जवाफदेहिता र दुई अर्थतन्त्रहरु ; प्रश्नोत्तर.... 31
८:३० — समूह अभ्यास -ट्याक लेसन #४ सुरु गर्नुहोस्  [यो समय समूहहरुमा बिभाजित हुनुहोस्]
९:४५ — बिश्राम
१०:०० — प्रार्थना चक्र र यसको लागि प्रार्थना गर्न अभ्यास गर्नुहोस्....32
११:३० — बुकमार्कहरु (चिन्ह) र हातका चालहरुको बारेमा कुरा गर्नुहोस्
१२:०० — दिउँसोको खाना
१२:३० — समूहहरु बनाउनुहोस्.... 33-34
१:०० — गुणनात्मक बृद्धि र चेलापनका सिद्धान्तहरु....35
१:३० — जवाफदेही समूहहरुको सिंहावलोकन गर्नुहोस् र सरल संस्करणको अभ्यास गर्नुहोस्....36
२:४५ — बिश्राम
३:०० — थोरै व्यक्तिमा लगानी गर्नुहोस्; यी सिद्धान्तहरु साझेदारी गर्दै; चुकाउनुपर्ने मूल्य....37
३:३० — परिशिष्ट सिंहावलोकन - बप्तिस्मा/प्रभुभोज; अध्ययन श्रृंखला; प्रशिक्षण स्रोतहरु
४:१५ — सोधखोज गर्नुहोस् र प्रश्नहरु सोध्नुहोस्
५:०० — ३ महिने योजना; ३ महिने योजनाको फाराम भर्नुहोस्; प्रार्थना गरेर अन्त्य गर्नुहोस्.... 38-39


**नोटहरु:**

[1] यदि तपाईं **१ दिनको तालिम** गर्न चाहनुहुन्छ भने **दिन-१** प्रयोग गर्नुहोस् ।

[2] **३ दिनको तालिम :** यदि तपाईं पैदल प्रार्थना यात्रा गर्न चाहनुहुन्छ भने तेस्रो समूह बनाएर अभ्यास गर्नुहोस्, अथवा सोधखोज र छलफलमा धेरै समय बिताउनुहोस्, माथिको समय तालिका प्रयोग गर्नुहोस् र तपाईंको तालिममा तेस्रो दिन थप्नुहोस् ।

[3] यदि तपाईंले **अनुवादकको** सहायताले विदेशमा प्रशिक्षण दिंदै हुनुहुन्छ भने अनुवादले खाएको समय सोधभर्ना गर्न तपाईंको तालिममा कम्तिमा एक दिन थप्नुपर्नेछ ।

## पिताको हृदय



- ✓ प्रत्येक व्यक्ति (यूहन्ना ३:१६, २ पत्रुस ३:९, १ तिमोथी २:४)
- ✓ हरेक मानिस (भजन संग्रह २२:२७, हबाकूक २:१४, यशैया ११:९ र ४५:६)
- ✓ हरेक स्थान (उत्पत्ती १२:१-३; भजन संग्रह ६७:२-७; प्रकाश ७:९-१०)

## गति



- ✓ गतिको महत्व हुन्छ। जनसंख्या बृद्धि दरसँग चर्च बृद्धि दर थोरै मात्र मेल खाइरहेको छ। परमेश्वरको महिमाले पृथ्वी भरिएको हेर्न उहाँको चाहना भएकोले हामीले चेला बनाउनेहरुलाई चेला बनाउनुपर्छ जसले गर्दा पृथ्वीको जनसंख्या बृद्धि दर भन्दा चर्च बृद्धि दर छिटो हुनेछ।
- ✓ प्रत्येक सेकेण्ड लगभग १ व्यक्ति मर्दैछन् र नरक जाँदैछन् ...

## स्याउ र चेलाहरु



- ✓ एउटा स्याउभित्र कति ओटा बिउहरु हुन्छन् ?
- ✓ ती स्याउका बिउहरुमध्ये एउटा बिउमा कति ओटा स्याउ हुने सम्भावना हुन्छ ?
- ✓ तपाईंको कारणले यस कोठाभित्र कति जना सम्भावित चेलाहरु छन् ?

## बिगलाइफको मिसन



- ✓ विश्वभरिका बिश्वासीहरुलाई तिनीहरुका आफ्नै मानिसहरुलाई सुसमाचार सुनाउन र येशू खीष्टको निम्ति चेला बनाउन सशक्तिकरण गर्ने।

"हाम्रो होइन, हे परमप्रभु, हाम्रो होइन, तर तपाईंको करुणा र विश्वसनियताको खातिर तपाईंको आफ्नै नाउँको महिमा होस्।" - भजन संग्रह ११५:१

***प्रेम, आज्ञापालन, गुणनात्मक बृद्धि***

## परमेश्वरलाई पर्खनु र परमेश्वरको आवाज सुन्नु

अभ्यास : **समूहमा साझेदारहरु मिलाएर बिभाजन गर्नुहोस् र केही मिनेटको चिनजानपछि तिनीहरुका आफ्ना साझेदारलाई समूहमा परिचय दिन लगाउनुहोस्।**

अभ्यास : **मानिहरुलाई परमेश्वरमा सुन्न लगाउनुहोस् र परमेश्वरले तिनीहरुका साझेदारलाई कसरी चिनाउनुहुन्छ भनी सोध्न लगाउनुहोस्। परमेश्वरले तपाईंलाई भन्नुभएको कुरा समूहलाई बताउनुहोस्।**

- ✓ सोधखोज गर्ने प्रश्नहरु:
  1. परिचय गराउने पहिलो तरिका भन्दा दोस्रो तरिकामा के फरक थियो ?
  2. आफ्नो परिचय गराइने पहिलो र दोस्रो तरिकामा कस्तो फरक महसुस भयो ?
  3. अर्को व्यक्तिलाई पहिलो तरिका भन्दा दोस्रो तरिकाले परिचय गराउँदा कस्तो महसुस भयो ?

**परमेश्वरलाई पर्खदै गर्दा र उहाँको आवाज सुन्दै गर्दा तलका पदहरुलाई हेर्नुहोस्:**

- ✓ यूहन्ना ५:१९
- ✓ यूहन्ना ८:४७
- ✓ यूहन्ना १०:२७
- ✓ यूहन्ना १६:१३-१४

## चेलापनको परिभाषा

**WEBSTER को नयाँ विश्व शब्दकोषबाट चेलापनको परिभाषा:**

1. कुनै पनि शिक्षक वा शिक्षालयको विद्यार्थी वा अनुयायी
2. येशूको प्रथम चेला
3. जसले अर्को व्यक्तिको सिद्धान्तहरुलाई ग्रहण गर्छ र त्यसलाई फैलाउन सहायता गर्छ ।

"यसकारण जाओ, र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरुलाई बप्तिस्मा देओ, मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ । हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरुका साथमा छु ।"


-मत्ती २८:१९-२०

**चेलापनको परिभाषालाई तीन भागहरुमा सोच्नुहोस्:**

"जसले येशूका आज्ञाहरुलाई सुन्छ, पालन गर्छ, र अरुलाई बताउँछ ।"



## परिपक्वताको मापन




**ज्ञानले आज्ञापालन र अरुलाई बताउने कार्यलाई छोड्नुहुँदैन !**



"हामीले आज्ञाकारी हुनलाई बुझ्ने कोशिश गर्नुको बदलामा आज्ञापालनद्वारा बुझ्ने समझ प्राप्त गर्दछौं ।"

-पाकिस्तानको बिगलाईफ चेलाहरु


## चर्चको परिभाषा

**बाइबलमा "चर्च" शब्दको प्रयोग तीन फरक तरिकाले भएको छ :**

1. **विश्वव्यापी** चर्च [मत्ती १६:१८]
2. **शहर** वा क्षेत्रीय चर्च [प्रकाश ३:१]
3. कुनै व्यक्तिको **घर**मा हुने संगती [प्रेरित ५:४२; कलस्सी ४:१५]

आफ्नो सम्पूर्ण अस्तित्वले परमेश्वरलाई प्रेम गरेर र आफूलाई जस्तै अरूलाई प्रेम गरेर पुरानो नियममा भएका परमेश्वरका आज्ञाहरूलाई संक्षेपमा पालन गर्न सकिन्छ भनी येशूले भन्नुभयो [मत्ती २२:३६-४०]। तपाईंले चेलाहरू बनाएर नयाँ नियममा भएका उहाँका आज्ञाहरूलाई संक्षेपमा पालन गर्न सक्नुहुन्छ किनभने यसमा उहाँका सर्म्पूण आज्ञाहरू पालन गर्न सिकाउने कुरा समावेश छ ।

परमेश्वरलाई प्रेम गर्ने, अरूलाई प्रेम गर्ने र चेला बनाउने मानिसहरूको आत्मिक परिवारहरू चर्च हुन् । खीष्ट राजाको रुपमा तिनीहरुको बीचमा रहनुभएको यी साधारण मण्डलीहरूलाई आत्मिक परिवारको रूपमा हामी परिभाषित गर्छौं, जसले परमेश्वरलाई प्रेम गर्छन्, अरूलाई माया गर्छन् र धेरै चेलाहरू बनाउँछन् । यसमा भवन, कर्मचारी, बजेट वा कार्यक्रम समावेश भएका हुदैनन् । यी चीजहरूमा केही गलत छैन, तर तिनीहरूलाई गुणनात्मक बृद्धि गर्न धेरै गाह्रो हुन्छ, किनभने साधारण चीजहरू अझ सजिलै गुणनात्मक बृद्धि हुन्छन् । त्यसकारण, हामी ती उपकरणहरूलाई शहर वा क्षेत्रीय चर्चको लागि छोड्दछौं किनकि ती उपकरण्हरु साधारण चर्चहरूको गुणनात्मक बृद्धि मार्फत बढ्दै जान्छ ।




"चर्च" को लागि ग्रीक शब्द **एक्लेसिया** हो । यस ग्रीक शब्दको अर्थ हुन्छ, "एकसाथ भेला हुनलाई बोलाइएकाहरु ।" चर्च भनेको यही हो । यी तिनीहरु नै हुन् जसलाई खीष्टले यस संसारबाट एकसाथ भेला हुन बोलाउनुभएको छ । यो कुनै भवन, पादरीहरू, कार्यक्रम वा शनिबार बिहानको सेवा होइन । यी सबै कुराहरू चर्च सेवाको भाग हुन सक्छन् किनभने मानिसहरू एक निश्चित ठाउँमा भेला हुन्छन्, तर तिनीहरू चर्चको बाइबलीय परिभाषा होइनन् । यस प्रशिक्षणको बाँकी भागले "समूह" को प्रयोग गर्नेछ जब उनीहरूले परमेश्वरलाई प्रेम गर्न, अरूलाई प्रेम गर्न र चेलाहरू बनाउन खोज्ने विश्वासीहरूको समूहलाई चेला र सङ्गतिको लागि एक साथ भेला हुन्छन् ।

## गुणनात्मक बृद्धि

### प्रेरित २ अघि प्रेरित ११

- ✓ प्रेरित अध्याय १ मा, विश्वासीहरू प्रार्थना गर्दै गर्दा पवित्र आत्मा तिनीहरूमाथि आउनुभयो । पवित्र आत्मा, प्रार्थना, र उपवास बिना, हामी हाम्रो वरपरका मानिसहरूमा पुग्न सक्दैनौं... कम्तिमा धेरै प्रभावकारी रूपमा ।
- ✓ हामी हाम्रो आफ्नै शरीरमा संचालित चेला बनाउने अभियानहरू सुरु गर्न सक्दैनौं । जब विश्वासीहरू सँगै प्रार्थना गर्छन् र उपवास गर्छन्, र जब तिनीहरू पवित्र आत्मामा निर्भर हुन्छन् तव चेला बनाउने अभियानहरू सुरु हुन्छन् ।

**यदि तपाईं चेला बनाउने अभियान सुरु भएको हेर्न चाहनुहुन्छ भने, तपाईं र तपाईंका चेलाहरूले प्रार्थना गर्न, उपवास बस्न र ख्रीष्टमा रहन धेरै समय बिताउनुपर्छ ! यसका लागि तपाईंको योजना के छ ?**

### के म गुणनात्मक बृद्धि गर्न योग्य चेला हुँ ?

- ✓ गुणन राम्रो नै हुन्छ भन्ने छैन । क्यान्सर बृद्धिको उदाहरण ।
  - हामी खराब चेलाहरू बढाउन चाहँदैनौं ।
- ✓ अब्राहामको उदाहरण
  - अब्राहाम सिद्ध थिएनन्, तर परमेश्वरले उसलाई उसको आज्ञाकारिताको कारण चुन्नुभयो ।
- ✓ IRCO [immediate - तत्काल, radical - कट्टर, costly - महँगो, obedience – आज्ञाकारिता]

### साधारण कुराहरू अझ सजिलै गुणनात्मक बृद्धि हुन्छन्


- ✓ तपाईंले प्रयोग गर्नुहुने सामग्री र अवधारणाहरू सरल, पुनः उत्पादनयोग्य र विश्वासीबाट विश्वासीमा हस्तान्तरण गर्न सजिलो हुनुपर्छ ।

### प्रत्येक विश्वासीले आधारभूत कुराहरू जान्न आवश्यक छ

- ✓ प्रत्येक विश्वासी सुसमाचार सुनाउन, अरूलाई चेला बनाउन र समूहहरू सुरु गर्न सुसज्जित हुनुपर्छ ।

### गुणनात्मक बृद्धिको महत्व

- ✓ हामी आफै सबैकहाँ पुग्न सक्दैनौं ।
  - हामीले चेला बनाउनेहरुलाई चेला बनाउनुपर्छ ।
  - हामीले समूहहरू सुरु गर्ने समूहहरू सुरु गर्न आवश्यक छ ।
- ✓ २-२-२ को सिद्धान्त [२ तिमोथी २:२]



## किन ? कसलाई ? कसरी ?

**यो तपाईंले नयाँ वा पहिलेका ख्रीष्टियनहरूलाई चेला बनाउँदा सुरु गर्नुहुने पहिलो पाठ हो ।**

परमेश्वरले हामीलाई किन **किन** बचाउनुभयो ? परमेश्वरले हाम्रो लागि उहाँको अनुग्रह र कृपाको कारणले हामीलाई बचाउनुभयो (एफिसी २:४-६) । उहाँले हामीलाई उहाँको प्रेम (यूहन्ना ३:१६-१८), उहाँको महिमा (एफिसी १:११-१४) र हामीले संसारभर गएर उहाँको महिमा फैलाउने उहाँको चाहना भएको कारणले हामीलाई बचाउनुभयो (२ कोरिन्थी ५:१७-२१, हबकूक २:१४) । तल "४ आज्ञाहरू" र "४ बोलावटहरु" हेर्नुहोस् :

**४ आज्ञाहरु** [मत्ती २८:१९-२०]

1. जाओ
2. चेला बनाओ
3. बप्तिस्मा देओ
4. तिनीहरुलाई पालन गर्न सिकाओ



**४ बोलावटहरु**

1. माथिबाटको बोलावट: मर्कूस १६:१५
2. तलबाटको बोलावट: लूका १६:२७-२८
3. भित्रबाटको बोलावट: १ कोरिन्थी ९:१६-१७
4. बहिरबाटको बोलावट: प्रेरित १६:९

**कसलाई** हामी यो सुसमाचार बाँड्छौं ? तपाईंको सम्बन्धको संजाल । अर्को शब्दमा भन्नुपर्दा, तपाईंका साथीहरू, परिवार, नातेदारहरू, सहकर्मीहरू, छिमेकीहरू र तपाईंले चिन्ने र सम्बन्ध राख्ने अरू कसैलाई ।


✓ **२० व्यक्तिहरूको नक्शा वा सूची** बनाउनुहोस् जसका परमेश्वरसँग संबन्ध छैन । एउटा खाली कागजको टुक्रा प्रयोग गर्नुहोस् । मानिसहरूको लागि प्रार्थना गर्नुहोस् । आउँदो हप्तामा तपाईंले आफ्नो कथा र परमेश्वरको कथा बताउन सक्ने ५ जना व्यक्तिहरू तपाईंलाई देखाइदिनुहुनको लागि परमेश्वरलाई बिन्ती गर्नुहोस् । [थप गर्नको लागि पाठ ३ मा भएको स्टार्ट ट्याक (सुरु मार्ग) को १०० सूचीलाई प्रयोग गर्नुहोस्] ।

**कसरी हामीले यो सुसमाचार सुनाउने** ? परमेश्वरको कथा बताउँदा प्रसङ्ग जोडेर तपाईंको कथा सुनाउनुहोस् ।

✓ ३ मिनेट वा त्यो भन्दा कम समयमा **तपाईंको कथा** कसरी सुनाउने:

- येशूलाई पछ्याउनु अघिको तपाईंको जिवनको बारेमा बताउनुहोस् ।
- **किन** येशूलाई पछ्याउने निर्णय गर्नुभयो भनी बताउनुहोस् ।
- येशूलाई पछ्याइसकेपछिको जीवन र उहाँले तपाईंको जीवनमा गर्नुभएको परिवर्तनको बारेमा बताउनुहोस् ।
- ? तपाईंको कथा सकिएपछि त्यसको प्रत्युत्तर सोध्नुहोस् जसले परमेश्वरको कथा सुनाउने ढोका खुलाउँछ । अथवा उनीहरुलाई भन्नुहोस् कि तपाईंले भन्न गइरहनुभएको कथाले तपाईंको जीवन परिवर्तन गरेको थियो ।

✓ **परमेश्वरको कथा** बताउने धेरै बिधिहरु छन् । त्यसमध्ये एकलाई ३ वृतहरु भनिन्छ:



## सम्बन्धात्मक सञ्जाल नक्शाङ्कन



तपाईंका सबै साथीहरु, सहकर्मीहरु, छिमेकीहरु, र तपाईंसँग सम्बन्ध जोडिएका नातेदारहरुको नक्शांकन गर्नुहोस् । विश्वास नगर्नेहरु वा त्यस बारेमा अज्ञातहरुसँग तपाईंको कथा र परमेश्वरको कथा साझा गर्नुहोस् अथवा बुझ्न चाहनेहरुको समूहमा सहभागी हुन निम्तो दिनुहोस् ।

विश्वासीहरुका लागि, तिनीहरुको घेराभित्र एउटा क्रुसको चिन्ह लगाउनुहोस् । तिनीहरुलाई किन ? कसलाई ? कसरी ? सिकाउनुहोस् र तिनीहरुलाई एउटा नयाँ समूह सुरु गर्न चुनौती दिनुहोस् । तिनीहरुलाई तपाईंले सिक्दै गर्नुभएको अरु उपकरणहरु प्रयोग गर्न उत्साह दिनुहोस् र तिनीहरुलाई प्रशिक्षण दिनुहोस् । तिनीहरुलाई सम्बन्धात्मक नक्सा भर्न लगाउनुहोस् र त्यसमा नामाङ्कित भएकाहरुलाई अनुगमन गर्न लगाउनुहोस् ।

अभ्यासः **तपाईंको परिवार र साथीहरुको सूची बनाउनुहोस् ।**

पितातर्फको परिवार

आमातर्फको परिवार

श्रीमान/श्रीमतीको परिवार

**तपाईं**

अरु चिनजानका मानिसहरु

साथीहरु

छिमेकीहरु

सहकर्मीहरु

# सम्बन्धात्मक सञ्जाल सूची



तपाईंका सबै साथीहरु, सहकर्मीहरु, छिमेकीहरु, र तपाईंसँग सम्बन्ध जोडिएका नातेदारहरुको नक्शांकन गर्नुहोस् । विश्वास नगर्नेहरु वा त्यस बारेमा अज्ञातहरुसँग तपाईंको कथा र परमेश्वरको कथा साझा गर्नुहोस् अथवा बुझ्न चाहनेहरुको समूहमा सहभागी हुन निम्तो दिनुहोस् ।

विश्वासीहरुका लागि, तिनीहरुलाई किन ? कसलाई ? कसरी ? सिकाउनुहोस् र तिनीहरुलाई एउटा नयाँ समूह सुरु गर्न चुनौती दिनुहोस् । तिनीहरुलाई तपाईंले सिक्दै गर्नुभएको अरु उपकरणहरु प्रयोग गर्न उत्साह दिनुहोस् र तिनीहरुलाई प्रशिक्षण दिनुहोस् । तिनीहरुलाई संबन्धात्मक संजाल सूची [२० वा १०० को सूची] भर्न लगाउनुहोस् र त्यसमा नामाङ्कित भएकाहरुलाई अनुगमन गर्न लगाउनुहोस् ।

**अभ्यास: २० जना गैर-ख्रीष्टियनहरुको सूची बनाउनुहोस्** [अथवा १०० जना ख्रीष्टियान/गैर-ख्रीष्टियानहरुको सूची]


| **नाम** | ख्रीष्टियन | गैर-ख्रीष्टियन | अज्ञात |
|---|---|---|---|
| 1. ______________________ | ☐ | ☐ | ☐ |
| 2. ______________________ | ☐ | ☐ | ☐ |
| 3. ______________________ | ☐ | ☐ | ☐ |
| 4. ______________________ | ☐ | ☐ | ☐ |
| 5. ______________________ | ☐ | ☐ | ☐ |
| 6. ______________________ | ☐ | ☐ | ☐ |
| 7. ______________________ | ☐ | ☐ | ☐ |
| 8. ______________________ | ☐ | ☐ | ☐ |
| 9. ______________________ | ☐ | ☐ | ☐ |
| 10. ______________________ | ☐ | ☐ | ☐ |
| 11. ______________________ | ☐ | ☐ | ☐ |
| 12. ______________________ | ☐ | ☐ | ☐ |
| 13. ______________________ | ☐ | ☐ | ☐ |
| 14. ______________________ | ☐ | ☐ | ☐ |
| 15. ______________________ | ☐ | ☐ | ☐ |
| 16. ______________________ | ☐ | ☐ | ☐ |
| 17. ______________________ | ☐ | ☐ | ☐ |
| 18. ______________________ | ☐ | ☐ | ☐ |
| 19. ______________________ | ☐ | ☐ | ☐ |
| 20. ______________________ | ☐ | ☐ | ☐ |
| 21. ______________________ | ☐ | ☐ | ☐ |

| | | | |
|---|---|---|---|
| 22. ________________________ | ☐ | ☐ | ☐ |
| 23. ________________________ | ☐ | ☐ | ☐ |
| 24. ________________________ | ☐ | ☐ | ☐ |
| 25. ________________________ | ☐ | ☐ | ☐ |
| 26. ________________________ | ☐ | ☐ | ☐ |
| 27. ________________________ | ☐ | ☐ | ☐ |
| 28. ________________________ | ☐ | ☐ | ☐ |
| 29. ________________________ | ☐ | ☐ | ☐ |
| 30. ________________________ | ☐ | ☐ | ☐ |
| 31. ________________________ | ☐ | ☐ | ☐ |
| 32. ________________________ | ☐ | ☐ | ☐ |
| 33. ________________________ | ☐ | ☐ | ☐ |
| 34. ________________________ | ☐ | ☐ | ☐ |
| 35. ________________________ | ☐ | ☐ | ☐ |
| 36. ________________________ | ☐ | ☐ | ☐ |
| 37. ________________________ | ☐ | ☐ | ☐ |
| 38. ________________________ | ☐ | ☐ | ☐ |
| 39. ________________________ | ☐ | ☐ | ☐ |
| 40. ________________________ | ☐ | ☐ | ☐ |
| 41. ________________________ | ☐ | ☐ | ☐ |
| 42. ________________________ | ☐ | ☐ | ☐ |
| 43. ________________________ | ☐ | ☐ | ☐ |
| 44. ________________________ | ☐ | ☐ | ☐ |
| 45. ________________________ | ☐ | ☐ | ☐ |
| 46. ________________________ | ☐ | ☐ | ☐ |
| 47. ________________________ | ☐ | ☐ | ☐ |
| 48. ________________________ | ☐ | ☐ | ☐ |
| 49. ________________________ | ☐ | ☐ | ☐ |
| 50. ________________________ | ☐ | ☐ | ☐ |
| 51. ________________________ | ☐ | ☐ | ☐ |
| 52. ________________________ | ☐ | ☐ | ☐ |
| 53. ________________________ | ☐ | ☐ | ☐ |
| 54. ________________________ | ☐ | ☐ | ☐ |

| | | | | |
|---|---|---|---|---|
| 55. | ____________________ | ☐ | ☐ | ☐ |
| 56. | ____________________ | ☐ | ☐ | ☐ |
| 57. | ____________________ | ☐ | ☐ | ☐ |
| 58. | ____________________ | ☐ | ☐ | ☐ |
| 59. | ____________________ | ☐ | ☐ | ☐ |
| 60. | ____________________ | ☐ | ☐ | ☐ |
| 61. | ____________________ | ☐ | ☐ | ☐ |
| 62. | ____________________ | ☐ | ☐ | ☐ |
| 63. | ____________________ | ☐ | ☐ | ☐ |
| 64. | ____________________ | ☐ | ☐ | ☐ |
| 65. | ____________________ | ☐ | ☐ | ☐ |
| 16. | ____________________ | ☐ | ☐ | ☐ |
| 67. | ____________________ | ☐ | ☐ | ☐ |
| 68. | ____________________ | ☐ | ☐ | ☐ |
| 69. | ____________________ | ☐ | ☐ | ☐ |
| 70. | ____________________ | ☐ | ☐ | ☐ |
| 71. | ____________________ | ☐ | ☐ | ☐ |
| 72. | ____________________ | ☐ | ☐ | ☐ |
| 73. | ____________________ | ☐ | ☐ | ☐ |
| 74. | ____________________ | ☐ | ☐ | ☐ |
| 75. | ____________________ | ☐ | ☐ | ☐ |
| 76. | ____________________ | ☐ | ☐ | ☐ |
| 77. | ____________________ | ☐ | ☐ | ☐ |
| 78. | ____________________ | ☐ | ☐ | ☐ |
| 79. | ____________________ | ☐ | ☐ | ☐ |
| 80. | ____________________ | ☐ | ☐ | ☐ |
| 81. | ____________________ | ☐ | ☐ | ☐ |
| 82. | ____________________ | ☐ | ☐ | ☐ |
| 83. | ____________________ | ☐ | ☐ | ☐ |
| 84. | ____________________ | ☐ | ☐ | ☐ |
| 85. | ____________________ | ☐ | ☐ | ☐ |
| 86. | ____________________ | ☐ | ☐ | ☐ |
| 87. | ____________________ | ☐ | ☐ | ☐ |

| | | | |
|---|---|---|---|
| 88. ________________________ | ☐ | ☐ | ☐ |
| 89. ________________________ | ☐ | ☐ | ☐ |
| 90. ________________________ | ☐ | ☐ | ☐ |
| 91. ________________________ | ☐ | ☐ | ☐ |
| 92. ________________________ | ☐ | ☐ | ☐ |
| 93. ________________________ | ☐ | ☐ | ☐ |
| 94. ________________________ | ☐ | ☐ | ☐ |
| 95. ________________________ | ☐ | ☐ | ☐ |
| 96. ________________________ | ☐ | ☐ | ☐ |
| 97. ________________________ | ☐ | ☐ | ☐ |
| 98. ________________________ | ☐ | ☐ | ☐ |
| 99. ________________________ | ☐ | ☐ | ☐ |
| 100. ________________________ | ☐ | ☐ | ☐ |

## सीमित सेट बनाम केन्द्रिकृत सेट



## तपाईंको कथा

**तपाईंको जीवनमा परमेश्वरले गर्नुभएको कामलाई साझा गर्नु**

यदि तपाई कुनै अपरिचितहरुसँग उनीहरूलाई परमेश्वरको कथा बताउने उद्देश्यले आफ्नो कथा साझा गर्न खोज्दै हुनुहुन्छ भने यी तीन कथाहरूको सन्दर्भमा सोच्न उपयोगी हुन्छ: तिनीहरूको कथा, तपाईंको कथा र परमेश्वरको कथा ।

**तिनीहरूको कथा:** यदि तपाईंले तिनीहरूलाई तिनीहरूको आत्मिक यात्राको बारेमा बताउन लगाउन सक्नुभयो भने यो उपयोगी हुन्छ, ता कि तपाईंले आफ्नो कथा र परमेश्वरको कथाको बारेमा आफ्नो प्रस्तुतीलाई तिनीहरूको विश्वदृष्टिकोण, मूल्य र प्राथमिकताहरूका लागि उपयुक्त बनाउन सक्षम हुन सक्नुहुन्छ ।

**तपाईंको कथा:** तपाईंको कथालाई तीन भागमा बिभाजन गरेर सोच्नुहोस् । तपाईंको कथालाई ३ मिनेट भित्रमा साझा गर्न सिक्नुहोस्: येशूलाई पछ्याउनु **अघिको** तपाईंको जिवनको बारेमा बताउनुहोस् ।

**किन** येशूलाई पछ्याउने निर्णय गर्नुभयो भनी बताउनुहोस् ।

येशूलाई पछ्याइसके **पछिको** जीवन र उहाँले तपाईंको जीवनमा गर्नुभएको परिवर्तनको बारेमा बताउनुहोस् ।

? तपाईंको कथा सकिएपछि त्यसको **प्रत्युत्तर** सोध्नुहोस् जसले परमेश्वरको कथा सुनाउने ढोका खुलाउँछ । अथवा उनीहरुलाई भन्नुहोस् कि तपाईंले भन्न गइरहनुभएको कथाले तपाईंको जीवन परिवर्तन गरेको थियो ।

नोट: यदि तपाई अर्को तरिकाले तपाईंको कथा साझा गर्न चाहनुहुन्छ भने, तपाईंको जीवनमा परमेश्वरले कसरी फरक पार्नुभयो, तपाईंलाई मद्दत गर्नुभयो, तपाईंलाई निको पार्नुभयो, वा तपाईंलाई कठिन परिस्थितिबाट निकाली ल्याउनुभयो, इत्यादि कुराहरु तपाई सधैं साझा गर्न सक्नुहुन्छ ।

परमेश्वरको कथा: तपाईंको कथा साझा गर्नुको पछाडिको मुख्य विचार तपाईंको लागि परमेश्वरको कथा साझा गर्ने ढोका खोल्नु हो । एक पटक ढोका खुला भएपछि, व्यक्तिसँग परमेश्वरको कथा साझा गर्नुहोस् ।

**अभ्यास: तल तपाईंको कथा लेख्नुहोस्, त्यसपछि एक साझेदारसँग साझा गर्ने अभ्यास गर्नुहोस् ।**

?

## परमेश्वरको कथा

परमेश्वरको कथा [सुसमाचार] साझा गर्ने धेरै सम्भावित तरिकाहरू छन् । त्यहाँ कुनै सबैभन्दा "उत्तम" तरिका छैन । कुनै पनि व्यक्तिको लागि उत्तम तरिका उनीहरूको विश्वदृष्टिकोण, अनुभवहरू र उनीहरू रहने सांस्कृतिक/धार्मिक सन्दर्भमा आधारित हुनेछ । विभिन्न विश्वदृष्टिकोणहरूका लागि सजिलैसँग अनुकूलन गर्न सकिने एउटा सामान्य दृष्टिकोण भनेको क्रिएशन टु जजमेन्ट स्टोरी (सृष्टिदेखि न्यायसम्मको कथा) दृष्टिकोण हो । यदि तपाईंसँग सहज हुने अर्को विधि छैन भने, यसलाई सुरु गर्नु राम्रो हुन्छ ।

## सृष्टिदेखि न्यायसम्मको कथा

**उहाँले राज गर्नुभयो**

सुरुमा, परमेश्वरले एक सिद्ध संसार सृष्टि गर्नुभयो । उहाँले मानिसहरूलाई आफ्नो परिवारको एक भाग बनाउनुभयो । तिनीहरूले परमेश्वरको विरुद्धमा विद्रोह गरे र संसारमा पाप र पीडा ल्याए । यसको मतलब मानिसहरू परमेश्वरको परिवारबाट अलग भएका थिए ।

**उहाँ आउनुभयो**

मानिसहरूलाई उहाँसँगको सम्बन्धमा फर्काउनको लागि परमेश्वरले आफ्ना पुत्र येशूलाई संसारमा पठाउनुभयो । येशूले सिद्ध जीवन बिताउनुभयो । उहाँले मानिसहरूलाई परमेश्वरको बारेमा सिकाउनुभयो । उहाँले चमत्कारी कार्यहरू गर्नुभयो र धेरै मानिसहरूलाई परमेश्वरको प्रेम र शक्ति प्रदर्शन गर्न निको पार्नुभयो ।

**उहाँ मर्नुभयो**

येशूले सिद्ध जीवन बिताउनुभयो र त्यसकारण मर्नुपर्दैन भन्ने तथ्यको बावजुद, उहाँले हाम्रा पापहरूको भुक्तानीको रूपमा क्रुसमा मर्न रोज्नुभयो ।

**उहाँ जीवित हुनुभयो**

उहाँलाई चिहानमा गाडियो । परमेश्वरले पापहरूको लागि येशूको बलिदान देख्नुभयो र यसलाई स्वीकार गर्नुभयो । तेस्रो दिनमा उहाँलाई मरेकाहरूबाट जीवित पारेर उहाँले यो देखाउनुभयो । त्यसैले यदि हामीले येशूलाई प्रभु [परमेश्वर] को रूपमा र उहाँ हाम्रा पापहरूको लागि मर्नुभयो भनेर चिन्यौं, हाम्रा पापहरूबाट पश्चात्ताप गर्‍यौं र उहाँको मुक्तिको लागि अनुरोध गर्‍यौं भने हामी परमेश्वरको परिवारमा फेरि स्वीकार हुनेछौं र उहाँले हामीलाई उहाँको पवित्र आत्मा हामीमा रहन दिनुहुन्छ ।


**उहाँ माथि जानुभयो**

मरेकाहरूबाट बौरी उठ्नुभएपछि येशू पृथ्वीमा चालीस दिनसम्म बस्नुभयो । उहाँले आफ्ना चेलाहरूलाई सिकाउनुभयो कि तिनीहरूले पवित्र आत्माको शक्तिद्वारा संसारभरका मानिसहरूलाई उहाँको चेला बनाउँदै परमेश्वरको परिवारमा सामेल हुन ल्याउनुपर्छ । त्यसपछि उहाँका चेलाहरूले हेर्दाहेर्दै उहाँलाई स्वर्गमा उठाइ लगियो ।

**उहाँ फेरि आउनुहुनेछ**

भविष्यमा उहाँ आफ्ना शत्रुहरूलाई, उहाँलाई नपछ्याउने सबैलाई दण्ड दिन, र उहाँको परिवारसँग सदासर्वदा राज गर्न फर्कनुहुनेछ ।

## ३ वृतहरुको विधि




## ३ वृतहरु बनाउँदा ध्यान दिनुपर्ने कुराहरु

त्यसैले हामी यस संसारमा बस्दछौं, र यो टुटेको छ भनी चिनिन्छ। रोग, प्रकोप, युद्ध, टुक्रिएको परिवार जस्ता कुराहरू यहाँ छन् भनेर हेर्न हामीलाई धेरै गाह्रो छैन... यस संसारमा धेरै कष्टहरू छन्। तर यो परमेश्वरको सुरुको योजना थिएन। परमेश्वरले हाम्रो जीवनको लागि एउटा सिद्ध योजना बनाउनुभएको छ। जुन तरिकाले हामी आफैलाई टुटेको अवस्थामा पाउँछौ त्यो चाहिँ पापद्वारा आउँछ भनी बाइबलले बताउँछ। परमेश्वरको योजनाबाट टाढा गएर हाम्रा आफ्नै मार्गहरुको पछि लाग्नु पाप हो, र यसले हामीलाई टुटेको अवस्थामा लैजान्छ। टुटेको अवस्थाले अन्तमा हामीलाई मृत्युमा पुऱ्याउँछ, र त्यो मृत्युले हामीलाई सदाको लागि परमेश्वरबाट अलग गर्नेछ। तर हामी टुटेको अवस्थामा रहेको परमेश्वर चाहनुहुन्न।

त्यसैले यसबाट निस्कन उहाँले एउटा बाटो बनाउनुभयो, र त्यो बाटो येशू हुनुहुन्छ। येशू आउनुहुन्छ, र उहाँ हाम्रो टुटेको अवस्थामा प्रवेश गर्नुहुन्छ, र टुटेको अवस्थामा रहँदा हामीले पाउन योग्यको मृत्यु येशू आफैले लिनुहुन्छ र क्रूसमा मर्नुहुन्छ, र उहाँको शरीर हाम्रो लागि तोडिएको छ। उहाँको मृत्यु भएको तीन दिन पछि, उहाँ मृतकबाट बौरी उठ्नुभयो र टुटेको अवस्थाबाट बाहिर निस्कने एउटा बाटो बनाउनुभयो। मानिसहरु टुटको अबस्थाबाट बाहिर निस्कन धेरै प्रयास गर्छन्। धर्म, सफलता, पैसा, सम्बन्ध, शिक्षा, वा लागूपदार्थ र रक्सी जस्ता चीजहरू, तर यी मध्ये कुनै पनि चीजले हामीलाई टुटेको अवस्थाबाट बाहिर निकाल्न सक्दैन। एक मात्र बाटो येशू हुनुहुन्छ। यदि हामी हाम्रो पापबाट फर्कियौं र येशू हाम्रो लागि मर्नुभयो र मृत्युबाट बौरी उठ्नुभयो भनी विश्वास गर्छौं भने, हामी टुटेको अवस्थालाई छोडेर परमेश्वरसँगको सम्बन्धमा बढ्न सक्छौं र हाम्रो जीवनको लागि उहाँको सिद्ध योजनालाई पछ्याउन सक्छौं। र त्यो भन्दा बढि, हामी जान सक्छौं। हामीलाई पनि टुटेका मानिसहरुलाई मद्दत गर्न येशूलाई जस्तै उहाँद्वारा परमेश्वरको योजनामा ल्याउनको लागि पठाइन सकिन्छ।

अहिले संसारमा दुई प्रकारका मानिसहरू छन्: त्यहाँ परमेश्वरको योजनाको पछि लाग्ने मानिसहरू छन्, र त्यहाँ अझै पनि टुटेको अवस्थामा रहेका मानिसहरू छन्। हामीले आफैलाई सोध्नुपर्छ, “हामी कहाँ छौं ?” त्यसोभए, तपाईं कहाँ हुनुहुन्छ जस्तो लाग्छ ? *(नोट: यदि उनीहरूलाई थाहा छैन भने, उनीहरूलाई सोध्नुहोस् “यदि तपाईं मर्नुभयो र परमेश्वरको अगाडि खडा हुनुभयो र उहाँले तपाईंलाई सोध्नुभयो: ’म तिमीलाई किन स्वर्गमा जान दिऊँ?’ तपाईं के भन्नुहुन्छ ?”)*

**३ वृतको भिडियो खोजेर हेर्नुहोस् :** vimeo.com/140957422

**अभ्यास:** **यसलाई साझेदारसँग साझा गर्दा “सृष्टिदेखि न्यायसम्म” अथवा “३ वृतहरु” को सुसमाचार बिधि तल कोर्नुहोस्:**

**अभ्यास:** **यसलाई साझेदारसँग साझा गर्दा “सृष्टिदेखि न्यायसम्म” अथवा “३ वृतहरु” को सुसमाचार बिधि तल कोर्नुहोस्:**


# शान्तिका मानिसहरु

यी पदहरु खोज्नुहोस् - लूका १०:१-११ *[तपाईंले मत्ती १०:५-१४ पनि पढ्न सक्नुहुन्छ]*

**शान्तिको मानिसको विशेषताहरु:**

लूका १०:

पद ५- तपाईंको लागि उसको ढोका खोल्दछ
पद ६- तपाईंबाट आशिष लिन्छ र रुचि देखाउँछ
पद ७- तपाईंको लागि उसको ढोका खोल्छ/सत्कार गर्छ
पद ७- तपाईंलाई कुनै तरिकाले थामिराख्छ



**पठाइएकाहरुले के गर्छन्:**

लूका १०:

पद १- दुई दुई जना भएर जान्छ
पद २- परिश्रम गर्नेहरुका लागि प्रार्थना गर्छ
पद ३- चारैतिर जोखिम मोलेर जान्छ
पद ४- झोलाहरु पछि छोड्छ
पद ४- समय खेर फ्याल्दैन
पद ५- अभिवादन गर्छ
पद ६- राम्रो जवाफ पाउदा आशिष दिन्छ
पद ७- तिनीहरुसँग सङ्गती गर्छ
पद ९- आवश्यकताअनुसार चंगाइको लागि प्रार्थना गर्छ
पद ९- तिनीहरुको सेवा गर्छ
पद ९- राज्यका वचनहरु घोषणा गर्छ
पद १०- यदि जवाफ नआएमा, बिरोध जनाउँछ, त्यसपछि छोड्छ

**शान्तिका मानिसको शुद्धताहरु**

शान्तिका मानिसको विशेषता यी भनाइहरुसँग लगभग मिल्न जान्छ:

- ✓ Serves you तपाईंको सेवा गर्छ
- ✓ Hosts you तपाईंलाई सेवा सत्कार गर्छ
- ✓ Attracted by your lifestyle तपाईंको जीवनशैलीबाट आकर्षित हुन्छ
- ✓ Likes you तपाईंलाई मन पराउँछ
- ✓ Open to your message तपाईंको सन्देशप्रति खुला हुन्छ
- ✓ Mobilizes others अरुहरुलाई परिचालन गर्छ

**संक्षेप**

- ✓ परिश्रम गर्नेहरुका लागि प्रार्थना गर्नुहोस्; परमेश्वरले पठाउनुभएको ठाउँमा जानुहोस्।
- ✓ परमेश्वरको राज्य घोषणा गर्दै कुनै एक ठाउँ वा क्षेत्रमा जानुहोस्। समय खेर नफ्याकी विवेकी भएर सोधखोज गर्नुहोस्।
- ✓ प्रशिक्षार्थी शान्तिको मानिसलाई भेट्नुहोस् र तिनीहरु र तिनीहरुका परिवारसँग यथासंभव समय बिताउनुहोस्।
- ✓ अभिवादन गर्नुहोस् र आत्मिक रुचिअनुसारका प्रश्नहरु सोध्नुहोस्।
- ✓ यदि राम्रो जवाफ आएमा, आशिष दिनुहोस् र सुसमाचारसंबन्धी प्रश्नहरु सोध्नुहोस्।
- ✓ प्रशिक्षार्थी र तिनीहरुका परिवारसँग समय बिताउनुहोस् र तिनीहरुसँग विवेकी भएर सङ्गती गर्नुहोस्।
- ✓ तपाईंको जीवन गवाही, सुसमाचार र बाइबलका अन्य खण्डहरु, इत्यादि साझा गरेर तिनीहरुलाई सेवा दिनुहोस्।
- ✓ सधैं साहसी र सत्यवादी हुनुहोस्।
- ✓ यदि कुनै जवाफ अएन भने, बिरोध जनाउनुहोस् र त्यसपछि छोड्नुहोस्।

**शान्तिका मानिसहरु खोज्नुहोस् :** शान्तिका मानिसहरु आत्मिक कुराहरुमा रुचि राख्छन् र तपाईंको लागि तिनीहरुका घर खुला गर्छन्। तिनीहरु आफ्ना साथीहरु र परिवारलाई बाइबल अध्ययनको लागि निम्तो गर्न इच्छुक हुन्छन् र/अथवा तपाईंलाई सामूहिक भेटघाटको निम्ति तिनीहरुका घर उपयोग गर्न दिन्छन्।

**शान्तिका समूहहरु खोज्नुहोस् :** पहिलेदेखि नै भएका समूहहरु पत्ता लगाउनुहोस् र तिनीहरुबाट समूहहरु बनाउनुहोस्। उदाहरणको लागि: खेलकूद समूह, पुरुष वा महिलाहरुको समूह, धार्मिक समूहहरु, इत्यादि ...

**अभ्यास: तपाईंको सम्बन्धहरुको संजाल सूची हेर्नुहोस्। के त्यहाँ कोही शान्तिका मानिस छन् ?**

## प्रार्थना पैदल यात्रा

प्रार्थना पैदल यात्रा दुई वा तिन जनाको समूह बनाएर गर्दा उत्तम हुन्छ तर एक्लै पनि गर्न सकिन्छ। समूहमा गर्दा परमेश्वर अरुहरुसँग कसरी बोल्नुहुन्छ भनेर सुन्ने थप लाभ पाउनुहुन्छ र यसले तपाईंको आफ्नै प्रार्थनाको जीवन र परमेश्वरका मार्गहरु पत्ता लगाउने क्षमतालाई अझ गहिरो र फराकिलो पार्न सक्नेछ। तपाईं समूहमा हुनुहुन्छ भने ठूलो स्वरमा प्रार्थना गर्नुपर्ने हुन्छ जसले गर्दा अरुहरु पनि प्रार्थनामा सहमत हुन सक्नेछन्। यदि तपाई एक्लै हुनुहुन्छ भने अरुहरुका लागि तिनीहरुको उपस्थितिमा प्रार्थना गर्दा बाहेक मनमनै प्रार्थना गर्न सक्नुहुन्छ।

प्रार्थना पैदल यात्रा गर्दा कस्तो प्रार्थना गर्ने भनेर चार तरिकाले निर्धारण गर्न सकिन्छ:

1. **अवलोकन**: उदाहरणको लागि, आँगनमा तीन पांग्रे साईकल देख्नुभयो भने छोराछोरीहरु, परिवार, स्कूल, यातायात, इत्यादि कुराहरुको लागि प्रार्थना गर्न सक्नुहुन्छ। भौतिक संकेतहरुले हामीलाई समस्या भन्दा पर देखाउन सक्छ जुन कुरा परमेश्वरको हृदयमा छ।
2. **अनुसन्धान**: तपाईंले पैदल प्रार्थना यात्रा गर्नुभएको क्षेत्रमा केही खास आपराधिक क्रियाकलापहरु, अन्याय, वा आवश्यकताहरु पत्ता लगाउन सक्नुहुन्छ। यस्ता समस्याहरुले तपाईंलाई प्रार्थनाको लागि बाटो देखाउन सक्छ।
3. **प्रकाश**: तपाईंले पवित्र आत्माबाट एक संकेत वा चित्र पाउन सक्नुहुन्छ जसले तपाईंलाई खास क्षेत्रमा प्रार्थना गर्न अगुवाई गर्न सक्छ।
4. **पवित्र शास्त्र**: तपाईंले पैदल यात्रा सुरु गर्न अघि नै पवित्र शास्त्रबाट एउटा खण्ड छान्न सक्नुहुन्छ र त्यस खण्डको विचारले तपाईंलाई प्रार्थनाको लागि सही विचार दिन सक्छ।

तलका यस्ता खास स्थानहरुमा विशेष ध्यान दिनुहोस् जुन "दवाब विन्दुहरु" हुन्:

**सरकारी केन्द्रहरु,** जस्तै अदालतहरु
**व्यापारिक केन्द्रहरु,** जस्तै किनमेल क्षेत्रहरु
**शैक्षिक केन्द्रहरु,** जस्तै स्कूलहरु
**सूचना केन्द्रहरु,** जस्तै रेडियो स्टेशनहरु वा अन्य संचार गृह
**आध्यात्मिक केन्द्रहरु,** जस्तै सामूहिक भवनहरु, मस्जिद वा मन्दिरहरु

अवसरहरु खोज्नुहोस् र कुनै व्यक्ति वा समूहहरुका लागि प्रार्थना गर्नलाई अगुवाई सुन्नुहोस् जसलाई तपाईंले प्रार्थनाको पैदल यात्रामा भेट्नुहुन्छ। तपाईं भन्न सक्नुहुन्छ, "म/हामी यस समुदायको लागि प्रार्थना गरिरहेका छौं, के त्यहाँ कुनै खास विषय छ जसको लागि हामी तपाईंको लागि प्रार्थना गर्न सक्छौं?" अथवा तपाईंले भन्न सक्नुहुन्छ, "म/हामी यस समुदायको लागि प्रार्थना गरिरहेका छौं। के तपाईंलाई कुनै खास विषयको बारेमा थाहा छ जसको लागि हामी प्रार्थना गर्न सक्छौं?" तिनीहरुका जवाफ सुनिसकेपछि तपाईंले तिनीहरुका व्यक्तिगत आवश्यकताहरुको बारेमा सोध्न सक्नुहुन्छ। उनीहरुले बताउनेबितिक्कै तिनीहरुका लागि प्रार्थना गरिदिनुहोस्। यदि प्रभुले अगुवाई गर्नुहुन्छ भने अरु आश्यकताहरुका लागि पनि प्रार्थना गर्न सक्नुहुन्छ। यस्तो गर्नको लागि तपाईंले तलको शब्दचित्र [BLESS] बाट सहायता लिन सक्नुहुन्छ:

**Body** [health] - **शरीर** (स्वास्थ्य)
**Labor** [job and finances] - **श्रम** (रोजगार र आर्थिक)
**Emotional** [morale] - **भावना** (मनोबल)
**Social** [relationships] - **सामाजिक** (सम्बन्धहरु)
**Spiritual** - **आत्मिक**

धेरैजसो अवसरमा मानिसहरु तपाईंको वास्ताप्रति कृतज्ञ हुन्छन्। यदि उक्त व्यक्ति ख्रीष्टियन रहेनछ भने यसले अक्सर आत्मिक बातचितको ढोका खोल्दछ र कहिलेकाहिँ त कसैको जीवन गवाही र सुसमाचार सुनाउने अवसर पनि जुराउँछ अथवा कुनै व्यक्तिलाई बाइबल अध्ययनमा सहभागी गराउने मौका समेत मिल्छ, अथवा त्यो भन्दा उत्तम, तिनीहरुकै घरमा संचालन गर्न सकिन्छ। यदि उक्त व्यक्ति ख्रीष्टियन हो भने तपाईंले उसलाई पैदल प्रार्थना यात्रामा सामेल हुन निम्तो दिनुपर्छ वा उसलाई कुनै अरु तरिकाले चेलापनमा सुसज्जित गर्नुपर्छ।

अभ्यास: **दुई वा तीन जनाको समूह बनाएर प्रार्थना यात्रामा जानुहोस्।**

# प्रथम समूह भेटघाट संरचना पाठ


३-भाग [३/३] को तपाईंको समूह भेटघाटको संरचना अर्को पृष्ठमा छ। तल तपाईंको नोट लेख्नुहोस्:

**जवाफदेहिता मुख्य कुरा हो [भाग १]**

- ✓ यदि तपाईं आज्ञाकारी चेलाहरूलाई हेर्न चाहनुहुन्छ भने, उनीहरूले सिकेका कुराहरूप्रति उत्तरदायी बनाउनुहोस्।
- ✓ तीन-तिहाई प्रक्रिया [३/३] प्रयोग गर्नाले मानिसहरूलाई उनीहरूको विश्वास साझा गर्न, उनीहरूले प्रत्येक हप्ता सिकेका कुराहरू पालन गर्न र अरूलाई हस्तान्तरण गर्न उत्तरदायी राख्न मद्दत गर्दछ।

**समूहहरुलाई झूटा शिक्षाबाट कसरी सुरक्षीत राख्ने ?**

- ✓ याद गर्नुहोस्, पास्टरहरू भएका चर्च भवनहरूमा पनि भूटा शिक्षाका समस्याहरू छन्।
- ✓ पावलले सुरु गरेका चर्चहरूमा पनि झूटा शिक्षाको समस्या थियो। त्यसैले उनले पहिलो र दोस्रो कोरिन्थी र गलाती जस्ता पुस्तकहरू लेखे। झूटा शिक्षाहरु रोक्न सकिन्न, तथापि, जब यो आउँछ हामीले यसको सामना गर्नुपर्छ।
- ✓ जब तपाईंका समूहहरू शहर स्तरमा भेला हुन्छन्, तपाईंले शिक्षाका वरदान भएका एल्डरबाट पनि भूटा शिक्षाको कुनै पनि समस्या समाधान गर्न सक्नुहुन्छ।
- ✓ विश्वासीहरूलाई जान्न आवश्यक सबै कुरा एकैचोटि थाहा हुँदैन। तिनीहरूसँग सुरुमा नराम्रो ईश्वरशास्त्र हुनेछ, तर तपाईंले सिक्दै गर्नुभएका विधिहरू प्रयोग गरेर समयभित्र नै यसलाई सीधा गर्नुपर्छ।




**३/३ ढाँचा परिमार्जन गर्ने**

- ✓ तपाईंले खीष्टियन वा गैर-खीष्टियनहरूसँग काम गर्दै हुनुहुन्छ भन्ने आधारमा सोधिएका प्रश्नहरू परिमार्जन गर्न सक्नुहुन्छ। केवल निश्चित गर्नुहोस् कि तपाईं ३/३ प्रक्रिया पछ्याउने प्रयास गर्दै हुनुहुन्छ।
- ✓ गैर-खीष्टियनहरूको लागि ३/३ प्रक्रिया पछ्याउने ढाँचा परिशिष्ट पृष्ठमा अवस्थित छ।

**अभ्यास: तपाईंको अभ्यास समूहसँग ट्र्याक लेसन ३३ सुरु गर्नुहोस् [मर्कूस ५:१-२०]**

## समूह भेटघाट संरचना

हामी चेलाहरूलाई भेट्दा तलको तीन-भाग प्रक्रिया (३/३) प्रयोग गर्न सुझाव दिन्छौं ।

३/३

### पछाडी हेर्नुहोस्

**वास्ता र आराधना ।** सँगै खाना खानुहोस् । परमेश्वरसँग सबैको व्यक्तिगत सम्बन्ध कस्तो भइरहेको छ ? यदि कोही संघर्ष गरिरहेको छ भने, उसको लागि प्रार्थना गर्नुहोस्, र त्यो व्यक्तिको हेरचाह गर्न पछि रहनुहोस् । परमेश्वरले तपाईंको समूहलाई दिनुभएको कुनै पनि आत्मिक वरदानहरू प्रयोग गरेर गायन र प्रार्थना मार्फत परमेश्वरको आराधना गर्न केही समय बिताउनुहोस् ।

**जाँच्नुहोस् [कहिल्यै नछोड्नुहोस्]**

- *तपाईंले सिकेको कुरा कसरी **पालन** गर्नुभयो ?*
- *तपाईंले सिकेको कुरामा कसलाई **तालिम** दिनुभएको छ ?*
- *तपाईंले आफ्नो कथा वा परमेश्वरको कथा कोसँग **साझा** गर्नुभयो ?*

तपाईंले कसरी आज्ञापालन गर्नुभयो भन्ने परिणामको रूपमा, अरूलाई चेला बन्न मद्दत गर्न तपाईंका अर्को चरणहरू के के छन् ?

दर्शन [कहिल्यै नछोड्नुहोस्] प्रत्येक हप्ता समूहलाई सम्झाउनुहोस् कि तिनीहरूको दर्शन के हो : चेलाहरू र समूहहरू गुणनात्मक बृद्धि गर्नु । अरूहरुलाई येशूको बारेमा बताउन बाइबलबाट एउटा कथा, व्यक्तिगत कथा, वा भजन बताउनुहोस्, नयाँ समूहहरू सुरु गर्न र अरूलाई पनि त्यसै गर्न मद्दत गर्नुहोस् । वा सुरु गर्नको लागि निम्न बाइबल खण्डहरू मध्ये एउटा प्रयोग गर्नुहोस् : मत्ती २८:१८-२०, लूका १०:१-११, प्रेरित १:८, लुका १९:१-१० ।

---

### माथि हेर्नुहोस्

**प्रार्थना गर्नुहोस् ।** परमेश्वरसँग सरल र संक्षिप्त कुरा गर्नुहास् । यस हप्ताको खण्ड सिकाउन परमेश्वरमा विन्ति गर्नुहोस् ।

पढ्नुहोस् र छलफल गर्नुहास् ।

- तपाईंलाई यस खण्डको बारेमा के ***मन*** पऱ्यो ?
- तपाईंले यो खण्डको बारेमा के ***चुनौतीपूर्ण*** पाउनुभयो ?

**यस हप्ताको वचन खण्ड फेरि पढ्नुहोस् ।**

- यस खण्डले ***परमेश्वरको*** बारेमा के सिकाउँछ ?
- यस खण्डले ***मानिसहरूको*** बारेमा के सिकाउँछ ?

---

### अगाडि हेर्नुहोस्

प्रार्थना गर्नुहोस्, सुन्नुहोस्, र प्रतिबद्धताहरू गर्नुहोस् [कहिल्यै नछोड्नुहोस्] समूहमा सबैलाई तलका प्रश्नहरूको जवाफ कसरी दिने भनेर परमेश्वरले तिनीहरूलाई देखाउनको लागि प्रार्थना गर्नुहोस् । यदि परमेश्वरले तपाईंलाई केहि गर्न भन्नुहुन्छ भने, एक प्रतिबद्धता बनाउनुहोस् र यसलाई लेख्नुहोस् । आफ्नो प्रार्थनाको समय पछि समूहसँग साझा गर्नुहोस् ।

- ✓ *तपाईंले यो खण्ड कसरी **पालन** गर्नुहुन्छ ?*
- ✓ *तपाईंले यो खण्डबाट कसलाई **तालिम** दिनुहुनेछ ?*
- ✓ *तपाईं आफ्नो कथा वा परमेश्वरको कथा कसलाई **साझा** गर्नुहुन्छ ?*

दुई वा तीनको समूहमा अभ्यास गर्नुहास् [कहिल्यै नछोड्नुहोस्], तपाईंले माथिका प्रश्नहरूमा के गर्न प्रतिबद्ध हुनुहुन्छ भन्ने अभ्यास गर्नुहोस् । उदाहरणका लागि, गाह्रो कुराकानी वा परीक्षाको सामना गरेका भूमिका खेल्नुहोस्; आजको खण्ड सिकाउने अभ्यास गर्नुहोस्, वा सुसमाचार साझा गर्ने अभ्यास गर्नुहोस् । तपाईंले यो गरिसकेपछि, तपाईंको साझेदारसँग प्रार्थना गर्नुहोस् र यस हप्ता येशूको बारेमा सुन्ने मानिसहरूको हृदय तयार गर्न परमेश्वरलाई विन्ति गर्नुहोस् । आफ्ना प्रतिबद्धताहरूप्रति आज्ञाकारी हुनको लागि शक्ति दिन उहाँलाई विन्ति गर्नुहोस् ।

# समूह भेटघाट सिद्धान्तहरु

**सानो**

समूहहरू सानो राख्नुहोस् । एक-अर्कालाई पहिले नै चिनेका मानिसहरू बिच सम्बन्धका वृतहरू वरिपरि समूहहरू सुरु गर्नुहोस् । जहाँ यी मानिसहरू पहिले नै भेला हुन्छन् त्यहाँ भेट्नुहोस्, उदाहरणका लागि घर, क्याफे वा रूखमुनि । यदि तपाईंसँग समय कम छ भने ठूलो समूहलाई ३, ४ वा ५ व्यक्तिहरूको उप-समूहहरूमा विभाजन गर्नुहोस् ।

**सबैजना आफै बृद्धि हुन सिक्नेछन्**

समूहमा सबैजना आफैंले निम्न कार्यहरू गरेर बृद्धि हुन सिक्छन् :

1. अरूलाई येशूको बारेमा बताउनुहोस्
2. बाइबलबाट सिक्नुहोस्
3. परमेश्वरसँग कुरा गर्नुहोस् र उहाँको कुरा सुन्नुहोस्
4. अन्य विश्वासीहरूलाई मद्दत र प्रोत्साहन दिनुहोस्
5. साहसपूर्वक सतावट र कठिन समयहरूको सामना गर्नुहोस्

**सबैलाई सम्भावित चेला निर्माताको रूपमा विचार गर्नुहोस्**

तिनीहरूले येशूमा विश्वास गर्नु अघि र पछि दुवै समयमा सबैलाई एक सम्भावित चेला निर्माताको रूपमा हेर्नुहोस् । अगुवाहरू प्रायः बेतलबी र औपचारिक शिक्षाविहीन हुन्छन् ।

**आज्ञापालन गर्नुहोस् र तालिम दिनुहोस्**

समूहहरू आज्ञाकारितामा आधारित हुन्छन्, ज्ञान केन्द्रित मात्र होइनन् । पवित्र आत्माको निर्देशनद्वारा बाइबल सिकेर र पालन गरेर येशूलाई पछ्याउनुहोस् । प्रत्येक भेटघाटमा व्यावहारिक र विशिष्ट प्रतिबद्धताहरू बनाउनुहोस् र अर्को पटक भेट्दा तिनीहरूलाई समीक्षा गर्नुहोस् । अरूलाई कसरी सिक्ने र पालन गर्ने भनेर तालिम दिएर मानिसहरूको माछापालक बन्नुहोस् । यसले एउटा वातावरण सिर्जना गर्छ जसमा येशूलाई प्रेम गर्नु भनेको येशूको आज्ञा पालन गर्नु हो ।

**मेन्टोर (हेरविचार) र गुणनात्मक बृद्धि मार्फत नयाँ समूहहरू**

ठूला समूहहरू भन्दा नयाँ समूहहरू सुरु गर्नमा ध्यान केन्द्रित गर्नुहोस् । नयाँ समूहहरू सुरु गर्दा नयाँ अगुवाहरूसँग भेट्नुहोस् । तिनीहरूलाई अरूको लागि पनि त्यस्तै गर्न तालिम दिनुहोस् । निरन्तर प्रशिक्षण र उत्तरदायित्वको लागि सबैलाई जोडेर राख्नुहोस् । अरूलाई समूहहरू सुरु गर्न मद्दत गर्न MAWL [Model, Assist, Watch / Leave] अथवा (नमूना, सहयोग, हेर्ने र छोड्ने) प्रयोग गर्नुहोस् ।

**छलफल गर्नुहोस् र पत्ता लगाउनुहोस्**

बाइबलमा ध्यान दिनुहोस् । प्रत्येक व्यक्तिलाई धर्मशास्त्रको अर्थ पत्ता लगाउन मद्दत गर्न पवित्र आत्मामा विश्वास गर्नुहोस् । प्रचार गर्नुको सट्टा प्रश्न सोधेर नेतृत्व गर्नुहोस् । सबैको सहभागिता सुनिश्चित गर्न प्रयास गर्नुहोस् ।

## सुरु मार्ग (स्टार्ट ट्र्याक): आधारभूत पाठहरु

३/३

**प्रत्येक पाठलाई आधारभूत पाठको रूपमा सोच्नुहोस् जुन सबै विश्वासीहरूले जान्न पालना गर्न, र अरूलाई हस्तान्तरण गर्न आवश्यक छ। यदि यो पाठमा पोख्त हुन एक हप्ता भन्दा बढी लाग्छ भने पनि ठिकै छ।** सुरु मार्ग (स्टार्ट ट्र्याक) नयाँ विश्वासीहरूका साथै पहिले नै खीष्टियन भइसकेका तर यस प्रकारको समूहमा पहिले नआएका मानिसहरूसँग गर्नुपर्छ। यी पाठहरूका लागि अभ्यास/प्रयोगको भाग निर्देशित र पूर्वतयारी गरिएको छ। पछिल्ला बैठकहरूमा व्यक्तिगत व्यावहारिक प्रयोग र अभ्यास सुरु गर्नुपर्छ। साथै, यदि कुनै नयाँ विश्वासीले आफ्नो सम्बन्ध संजाल वरिपरि एउटा समूह बनाउन सक्दैन भने तपाईंले स्टार्ट ट्र्याकलाई एक-एक चेलापन पाठको रूपमा प्रयोग गर्न सक्नुहुन्छ। आसा छ, एक निश्चित समयमा यो तिनीहरुको आफ्नै समूहमा परिणत हुनेछ।

**[१] किन ? कसलाई ? कसरी ?** (तपाईंले यो पहिलो पाठ लगभग २ घण्टामा गर्न सक्नुहुन्छ वा धेरै बैठकहरूमा विभाजन गर्न सक्नुहुन्छ)

- ✓ **परमेश्वरले हामीलाई किन बचाउनुभयो ?** परमेश्वरले हामीलाई उहाँको अनुग्रह र कृपाद्वारा बचाउनुभयो (एफिसी २:४-६)। उहाँले हामीलाई उहाँको प्रेम (यूहन्ना ३:१५-१८), उहाँको महिमा (एफिसी १:११-१४) र उहाँको महिमा संसारभर फैलाउनको लागि हामी जाने उहाँको इच्छाको कारणले हामीलाई बचाउनुभयो (२ कोरिन्थी ५:१७-२१, हबकूक २:१४)। "४ आज्ञाहरू" र "४ बोलावटहरू" हेर्नुहोस्।
- ✓ **हामी यो सुसमाचार कसलाई सुनाउँछौं ?** तपाईंको सम्बन्ध सञ्जाललाई। आफ्ना साथीहरू, परिवार, नातेदारहरू, सहकर्मीहरू, छिमेकीहरू र तपाईंले चिन्ने र सम्बन्ध राख्ने अरू कसैको नक्सा वा सूची बनाउनुहोस्। मानिसहरूलाई "खीष्टियन" वा "गैर-खीष्टियन/परमेश्वरबाट टाढा भएका" भनी चिन्ह लगाउनुहोस्।
- ✓ **हामीले यो सुसमाचार कसरी सुनाउने ?** परमेश्वरको कथा बताउन एक पुलको रूपमा आफ्नो कथा बताउनुहोस्।

**[२] पवित्र आत्मा**

⬆ **माथि हेर्नुहोस्:** यूहन्ना १४:१५-१८; १ तितस ३:४-७

**अभ्यास:** परमेश्वरका सन्तान भएको नाताले, उहाँले हामीलाई भन्नुभएको कुरा हामीले सुन्नुपर्छ। त्यसका लागि उहाँबाट सुन्नु आवश्यक छ। परमेश्वरले मानिसहरूसँग विभिन्न तरिकामा बोल्नुहुन्छ, जस्तै सपना/दर्शन, तपाईंको हृदयमा शान्ति, बाइबल, प्रार्थना, उपवास, अन्य विश्वासीहरू, येशू, र सृष्टिद्वारा पनि। निम्न खण्डहरूमा परमेश्वरले कसरी बोल्नुहुन्छ भनी आफ्ना चेलाहरूसँग छलफल गर्नुहोस्: हिब्रू १:१-२; २ तिमोथी ३:१६; रोमी १:२०; प्रेरित १६:६-७; प्रेरित ११:२८; रोमी ९:१; यूहन्ना १४:२६।

**प्रार्थना गर्नुहोस् :** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस्।

**[३] तपाईंको कथा भन्नुहोस्**

⬆ **माथि हेर्नुहोस्:** मर्कूस ५:१-२० । १८-२० पदहरुलाई विशेष ध्यान दिनुहोस्।

**अभ्यास:** आफ्नो कथा बताउनुहोस् - तपाईंले आफ्नो कथा तयार गर्न आवश्यक छ र अरूसँग साझा गर्न तयार हुनुपर्नेछ। तपाईं कसरी आफ्नो कथा तीन भागहरूमा भन्न सक्नुहुन्छ, यहाँ छ :

**येशूलाई पछ्याउनु अघि आफ्नो जीवनको बारेमा कुरा गर्नुहोस्** - आफ्ना भावनाहरू [पीडा, एक्लोपन], प्रश्नहरू [मृत्यु पछि के हुन्छ ?], वा येशूलाई पछ्याउनु अघि तपाईंले भोग्नुभएका संघर्षहरू वर्णन गर्नुहोस्।

**तपाईं कसरी येशूको अनुयायी हुनुभयो भन्ने बारे कुरा गर्नुहोस् -** तिनीहरूलाई येशूको बारेमा बताउनुहोस्! येशूको अत्यावश्यक कथा हो : हामी सबैले हाम्रा पापहरूद्वारा परमेश्वरलाई अपमानित गरेका छौं। हामी हाम्रा पापहरूको कारण मर्नेछौं। तर जब हामी येशूमा हाम्रो विश्वास राख्छौं, हामी मृत्युबाट बाँचेका हुन्छौं, जो हाम्रा पापहरूको लागि मर्नुभयो, गाडिनुभयो, र मृत्युबाट बौरी उठनुभयो।

**येशूलाई पछ्याएपछिको आफ्नो जीवनको बारेमा कुरा गर्नुहोस् -** येशूले तपाईंको जीवनलाई कसरी परिवर्तन गर्नुभयो भनेर तिनीहरूलाई बताउनुहोस् । येशूले दिनुभएको आनन्द, शान्ति र क्षमाको बारेमा बताउनुहोस् ।

**? प्रतिक्रिया माग्नुहोस् -** तपाईंको कथाले प्रतिक्रिया माग्नुपर्छ । एउटा प्रश्नको साथ अन्त्य गर्नुहोस् जसले तपाईंलाई व्यक्तिको आत्मिक चासोको स्तर पत्ता लगाउन मद्दत गर्दछ । केही सोध्नुहोस्: "के तपाईं जान्न चाहानुहुन्छ कि तपाईंले कसरी क्षमा पाउन सक्नुहुन्छ ?" वा "परमेश्वरले आफ्नो जीवन परिवर्तन गर्नुभएको चाहनुहुन्छ ?"

**यसलाई संक्षिप्त राख्नुहोस्** [३ मिनेट वा कम] - तपाईंको कथा छोटो र रोचक हुनुपर्छ । बोरिङ नगर्नुहोस् र श्रोताको चासो गुम्ने गरी एकदम लामो नबोल्नुहोस् ।

आफ्नो **समूह**मा कसैसँग आफ्नो कथा सुनाउने **अभ्यास** गर्नुहोस् ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [४] परमेश्वरको कथा बताउनुहोस्

**माथि हेर्नुहोस् :** १ कोरिन्थी १५:१-८, रोमी ३:२३, रोमी ६:२३

**अभ्यास :** तपाईंको समूहमा भएका सबैलाई सृष्टिदेखि न्यायसम्म कथा, ३ वृतहरू प्रयोग गरेर येशूको कथा सुनाउने अभ्यास गराउनुहोस्, वा अर्को सरल विधि प्रयोग गर्नुहोस् ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [५] अनुगम न र माछा समाउनुहोस्

**माथि हेर्नुहोस् :** मर्कूस १:१६-२०

**अभ्यास:** एउटा नक्सा बनाउनुहोस् - एउटा खाली कागजको टुक्रा लिनुहोस् र तपाईंले चिन्ने [परिवार, साथीहरू, छिमेकीहरू, सहकर्मीहरू, इत्यादि...] १०० जनासम्मको नाम सूची बनाउनुहोस् । यदि व्यक्ति ख्रीष्टियन होइन भने, आफ्नो कथा र परमेश्वरको कथा उनीहरूसँग साझा गर्नुहोस् । यदि व्यक्ति ख्रीष्टियन हो भने, तपाईंले अहिले गरिरहनुभएको समूहमा कसरी सहभागी हुन आमन्त्रित गर्न सक्नुहुन्छ भन्ने बारे सोच्नुहोस्, वा बिस्तारै उनीहरूलाई तपाईंले सिकाइरहनुभएको केही चेलापन उपकरणहरूसँग परिचय गराउनुहोस् (अथवा, यदि तपाईंले सूची रोज्नुहुन्छ भने सूची १०० लेख्नुहोस्) ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [६] बप्तिस्मा

**माथि हेर्नुहोस् :** रोमी ६:३-४; प्रेरित ८:२६-४०

**अभ्यास:** नजिकैको पानी खोज्नुहोस् [बाथटब, पोखरी, नदी, ताल] र सबै नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिनुहोस् । मानिसहरूलाई विश्वासी बन्ने बित्तिकै तुरुन्तै बप्तिस्मा गर्न जारी राख्नुहोस् । बप्तिस्माको बारेमा थप जान्नको लागि, प्रेरित २:३७-४१, ८:५-१३, ८:३६-३८, ९:१०-१९, १०:४७-४८, १६:१३-१५, १६:२७-३४, १८:५-९, १९:१-५, २२:१४-१७ र १ कोरिन्थी १:१०-१७ हेर्नुहोस् ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [७] ख्रीष्टमा तपाईंको नयाँ पहिचान

**माथि हेर्नुहोस् :** एफिसी १:३-१४ (हामीलाई परमेश्वरको परिवारमा ग्रहण गरिएको छ) र रोमी ६:६-१४ (हामी पापबाट मुक्त भएका छौं) । यदि चाहियो भने तपाईंले पाठ ७ मार्फत जान दुई हप्ता प्रयोग गर्न सक्नुहुन्छ ।

**अभ्यास:** आफ्ना चेलाहरूसँग निम्न पदहरू र ख्रीष्टमा तपाईंको नयाँ पहिचानको अर्थ के हो भनेर छलफल गर्नुहोस् : २ कोरिन्थी ५:१७, १ यूहन्ना ३:१४, रोमी ८:१, फिलिप्पी ३:२०, कलस्सी ३:१-१७ ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [८] बाइबल

**माथि हेर्नुहोस् :** २ तिमोथी ३:१४-१७

**अभ्यासः** तपाईंको समूहले ३/३ भेटघाट ढाँचामा प्रयोग गर्ने प्रक्रियालाई याद गर्नुहोस् । साथै, सबैलाई व्यक्तिगत शान्त समय बिताउन प्रोत्साहन दिनुहोस् जहाँ तिनीहरूले हरेक दिन बाइबल पढ्छन् र प्रार्थना गर्छन् । यदि तपाईंलाई बाइबल पढाई/अध्ययन विधि चाहिन्छ भने तपाईंको परिशिष्टमा रहेको SOAPS उपकरण प्रयोग गर्नुहोस् ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [९] परमेश्वरसँग कुरा गर्नुहोस्

**माथि हेर्नुहोस् :** मत्ती ६:९-१३

**अभ्यासः** परमेश्वरसँग कसरी कुरा गर्ने भनेर सिक्नको लागि आफ्नो हात प्रयोग गर्नुहोस् । मत्ती ६:९-१३ मा भएको येशूको प्रार्थनालाई तपाईंको हातलाई गाइडको रूपमा प्रयोग गर्दै सामूहिक रूपमा प्रार्थना गर्नुहोस् । सबैलाई हरेक दिन प्रार्थना गर्न प्रोत्साहन दिनुहोस् ।

1. **हत्केला = सम्बन्ध ।** हाम्रो औंला र औंलाको जग हत्केला भए जस्तै, परमेश्वरसँग एकान्त समय उहाँसँगको हाम्रो व्यक्तिगत सम्बन्धको आधार हो । *"हे हाम्रा स्वर्गमा हुनुहुने पिता..." [मत्ती ६:९]*
2. **बुढी औंला = आराधना ।** बुढी औंलाले हामीलाई सम्झाउँछ कि हामीले केही माग्नु अघि परमेश्वरको आराधना गर्नुपर्छ । *"...तपाईंको नाम पवित्र होस् ।" [मत्ती ६:९]*
3. **पहिलो औंला = आत्मसमर्पण ।** त्यसपछि हामी आफ्नो जीवन, योजना, परिवार, आर्थिक, काम, सबै कुरा समर्पण गर्छौं । *"तपाईंको राज्य आओस्, तपाईंको इच्छा पूरा होस्..." [मत्ती ६:१०]*
4. **बीचको औंला = माग्नुहोस् ।** त्यसपछि हामी हाम्रो आवश्यकताहरू पूरा गर्न परमेश्वरसँग माग्छौं । *"हामीलाई आज हाम्रो दैनिक रोटी दिनुहोस् ।" [मत्ती ६:११]*
5. **चौंथो औंला = क्षमा गर्नुहोस् ।** अब हामी परमेश्वरलाई हाम्रा पापहरू क्षमा गर्न आग्रह गर्छौं, र हामीले पनि अरूलाई क्षमा गर्नुपर्छ । *"हामीले अरूलाई क्षमा गरेझैं हामीलाई क्षमा दिनुहोस् ।" [मत्ती ६:१२]*
6. **सानो औंला = सुरक्षा ।** त्यसपछि हामी सुरक्षा माग्छौं । *"हामीलाई परीक्षामा नल्याउनुहोस्, तर दुष्टबाट छुटकारा दिनुहोस् ।" [मत्ती ६:१३]*
7. बुढी औंला [फेरि] = आराधना । र हामीले सुरु गरेझैं अन्त्य गर्छौं - हामी सर्वशक्तिमान परमेश्वरको उपासना गर्छौं । *"राज्य, शक्ति र महिमा सदासर्वदा तपाईंको हो । आमेन ।" [मत्ती ६:१३]* ।

## [१०] कठिन समय

**माथि हेर्नुहोस् :** प्रेरित ५:१७-४२; मत्ती ५:४३-४४

**अभ्यासः** आफ्नो नयाँ विश्वासको कारणले सामना गर्नुपरेको कठिनाइको बारेमा समूहसँग साझा गर्नुहोस्; तपाईंले सामना गर्न सक्ने कठिनाइहरू विचार गर्नुहोस्; तपाईं कसरी प्रतिक्रिया दिनुहुनेछ भूमिका खेल्नुहोस् - येशूले सिकाउनुभए जस्तै साहस र प्रेमका साथ । आवश्यकताहरु आएअनुसार प्रार्थना गर्नुहोस् । तिनीहरूले साझा गरेपछि प्रत्येक व्यक्तिको लागि प्रार्थना गर्नुहोस् ।

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

## [११] स्वस्थ चेला बन्ने

**माथि हेर्नुहोस् :** प्रेरित २:३६-४७, १ कोरिन्थी ११:२३-३४

**अभ्यास :** खण्डहरूमा वर्णन गरिएका बैठकहरू जस्तै बन्नको लागि तपाईंको समूहले के गर्नुपर्छ भनेर छलफल गर्नुहोस् । एउटा समूहको रूपमा, खाली कागजको टुक्रामा, तपाईंको आफ्नै समूहलाई प्रतिनिधित्व गर्ने बिन्दु भएको वृत्ताकार रेखा कोर्नुहोस् । यसको माथि, ३ नम्बरहरू सूचीबद्ध गर्नुहोस् : नियमित रूपमा उपस्थित हुने संख्या [स्टिक फिगर], येशू मा विश्वास गर्ने संख्या [क्रुस] विश्वास गरेपछि बप्तिस्मा लिएको संख्या [पानी] । यदि तपाईंको समूह नियमित भेलाको रूपमा भेटघाट गर्न प्रतिबद्ध छ भने, थोप्ले घेराको रेखालाई ठोस बनाउनुहोस् । यदि तपाईं तलका प्रत्येक चीजहरू नियमित रूपमा अभ्यास गर्नुहुन्छ भने, त्यसपछि तपाइँको वृत्ताकार घेरा भित्र यसको चित्र कोर्नुहोस् । यदि तपाईंले यो गर्नुभएन भने, वा कुनै बाहिरी व्यक्ति आएर तपाईंको लागि यो गरिदिन पर्खनुहुन्छ भने, त्यसपछि यसलाई गोलो घेराको बाहिर कोर्नुहोस् ।



1. एकसाथ भेला हुने प्रतिबद्धता - थोप्ले रेखाको सट्टा ठोस रेखा ।
2. बप्तिस्मा
3. बाइबल
4. रोटी र दाखरससँग येशू को सम्झना गर्नुहोस्
5. सङ्गती
6. दिने र सेवकाई गर्ने
7. प्रार्थना
8. प्रशंसा
9. मानिसहरूलाई येशूको बारेमा बताउने
10. अगुवाहरु

यसलाई स्वस्थ समूह बनाउन मद्दत गर्नको लागि तपाईंको समूहमा के कमी छ ?

तपाईंको समूहलाई स्वस्थ बनाउन यस खण्डमा अरू के-के कुराहरू समावेश गर्न सकिन्छ ? (उदाहरणका लागि: चिन्हहरू र आश्चर्यहरू, पश्चात्ताप, ठूला जमघटहरू, साना जमघटहरू, सँगै खाने, खुशी र निष्कपट हृदयहरू, आदि...)

**प्रार्थना गर्नुहोस् ।** यस हप्तामा आफ्नो कथा र उहाँको कथा कसलाई बताउन चाहनुहुन्छ भनेर परमेश्वरलाई सोध्नुहोस् ।

**अर्को कहाँ?** अर्को चरण श्रृङ्खला मार्फत जानुहोस् ।

## अर्को चरणहरु : मूल चेलापन उपकरण/सिद्धान्तहरु

**प्रत्येक पाठलाई आधारभूत पाठको रूपमा सोच्नुहोस् जुन सबै विश्वासीहरूले जान्न पालना गर्न, र अरूलाई हस्तान्तरण गर्न आवश्यक छ। यदि यो पाठमा पोख्त हुन एक हप्ता भन्दा बढी लाग्छ भने पनि ठिकै छ। धेरैजसो मानिसहरुले पालन गर्ने कोशिश नगरेसम्म अर्को पाठ सुरु नगर्नुहोस्।** सुरु मार्ग (स्टार्ट ट्र्याक) नयाँ विश्वासीहरूका साथै पहिले नै ख्रीष्टियन भइसकेका तर यस प्रकारको समूहमा पहिले नआएका मानिसहरूसँग गर्नुपर्छ। यी पाठहरूका लागि अभ्यास/प्रयोगको भाग निर्देशित र पूर्वतयारी गरिएको छ। पछिल्ला बैठकहरूमा व्यक्तिगत व्यावहारिक प्रयोग र अभ्यास सुरु गर्नुपर्छ। साथै, यदि कुनै नयाँ विश्वासीले आफ्नो सम्बन्ध सञ्जाल वरिपरि एउटा समूह बनाउन सक्दैन भने तपाईंले स्टार्ट ट्र्याकलाई एक-एक चेलापन पाठको रूपमा प्रयोग गर्न सक्नुहुन्छ। आशा छ, एक निश्चित समयमा यो तिनीहरुको आफ्नै समूहमा परिणत हुनेछ।

### परमेश्वरलाई प्रेम गर्नुहोस्

1. **परमेश्वरलाई ध्यान दिनु र उहाँबाट सुन्नु :** यूहन्ना ८:४२-४७ र १६:१२-१५ **[सिद्धान्त: परमेश्वरलाई सुन्नुहोस्]**
2. **परमेश्वरमा भरोसा राख्नुहोस् र आफ्नो विश्वासमा बढ्नुहोस् :** **[सिद्धान्त: दोहोरो उत्तरदायित्व]**
   a. मत्ती १४:२२-३३ (पहिलो भेट)
   b. हिब्रू ११:१-४० (दोस्रो बैठक)
3. **आज्ञाकारितामा जवाफ दिनुहोस् :** लुका ६:४६-४९; १ यूहन्ना २:३-६ **[सिद्धान्त: परिपक्वताको नाप]**
4. **आत्म-भोजन :** अभ्यासहरूको यो समूहले हाम्रो विश्वासलाई बलियो बनाउन, परमेश्वरसँगको अत्यावश्यक, स्थायी सम्बन्ध कायम राख्न र पवित्र आत्माद्वारा निर्देशित हुन मद्दत गर्छ।
   a. **परमेश्वरको वचन दैनिक पढ्नुहोस् :** भजन ११९:९-१६ (पहिलो बैठक) **[उपकरण: S=O=A=P=S ]**
   b. **प्रार्थना :** फिलिप्पी ४:६-७; एफिसी ६:१८ (दोस्रो बैठक) **[उपकरण: प्रार्थना चक्र]**
   c. **शत्रुको प्रतिरोध गर्नुहोस् :** मत्ती ४:१-१०; १ पत्रुस ५:६-११ (तेस्रो बैठक) **[उपकरण: जवाफदेहिता समूह]**
   d. **सतावटको लागि तयार हुनुहोस् :** २ तिमोथी ३:१२-१३ (चौथो बैठक) **[सिद्धान्त: तिर्नुपर्ने मूल्य]**
5. **१-२ अन्य व्यक्तिसँग जवाफदेही हुनुहोस् :** गलाती ६:१-६; उपदेशक ४:९-१२ **[उपकरण: जवाफदेहिता समूह]**

### अरूलाई प्रेम गर्नुहोस्

6. **कसैलाई चेला बनाउनुहोस् र तपाईंलाई चेला गर्ने व्यक्तिसँग सम्पर्कमा रहनुहोस् :** २ तिमोथी २:१-२; फिलिप्पी ३:१७ **[सिद्धान्त: हाँसको चल्लाको चेलापन; थोरैमा लगानी गर्नुहोस्]**
7. **"एकले-अर्कालाई" को अभ्यास गर्नुहोस् :** यूहन्ना १३:३४; एफिसी ४:३२; कलस्सी ३.१३, रोमी १२.१०, रोमी १३:८, १ थेस्सलोनिकी ५:११ **[सिद्धान्त: शारीरिक जीवन]**
8. **एकसाथ भेला हुनुहोस् :** अभ्यासहरूको यो सूचीले हाम्रो प्राथमिक आत्मिक परिवारमा एक-अर्कासँग अत्यावश्यक, स्थायी सम्बन्ध छ भनी सुनिश्चित गर्दछ **[उपकरण: स्वस्थ समूह वृत]**
   a. **सँगै भेला हुने प्रतिबद्धता :** हिब्रू १०:१९-२५ *(थोप्ले रेखाको सट्टा ठोस रेखा)*
   b. **नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिने :** प्रेरित १६:२२-
   c. **बाइबल पढ्नुहोस् र जान्नुहोस् :** भजन ११९:१०५-११२
   d. **संयुक्त प्रभु भोज मनाउनुहोस् :** मत्ती २६:२०-३०
   e. **संङ्गती :** फिलिप्पी २:१-११; १ यूहन्ना १:१-७
   f. **दिने र सेवकाई गर्ने :** प्रेरित ४.३२-३७, २ कोरिन्थी ९:६-११
   g. **सँगै प्रार्थना गर्ने :** प्रेरित १२:१-१७
   h. **प्रशंसा र आराधना :** भजन १००:१-६, एफिसी ५:१५-२०
   i. **मानिसहरूलाई येशूको बारेमा बताउने :** रोमी १०:८-१५; प्रेरित ८:१-८
   j. **हेरचाह गर्ने अगुवाहरू :** हिब्रू १३:८-९, १७

k. **प्रेरित २:३६-४७ पढ्नुहोस् र फेरि स्वस्थ समूहको वृताकार घेरा कोर्नुहोस् ।** के तपाईंको समूहमा अझै केही छुटेको छ ? तपाईंको समूहलाई स्वस्थ बनाउन यस खण्डमा अरू के-के कुराहरू समावेश गर्न सकिन्छ ? (उदाहरणका लागिः चिन्हहरू र आश्चर्यहरू, पश्चात्ताप, ठूला जमघटहरू, साना जमघटहरू, सँगै खाने, खुसी र निष्कपट हृदयहरू, आदि…)



## चेलाहरू बनाउनुहोस्

1. **परमेश्वरको राज्य कहाँ छैन भनेर हेर्नुहोस् :** रोमी १५:१७-२२ **[सिद्धान्तः हेर्नका लागि आँखाहरू]**
2. **प्रार्थनामा हिंड्नुहोस् र शान्तिका मानिसहरूलाई खोज्नुहोस् :** लूका १०:१-१२ **[सिद्धान्तः शान्तिको व्यक्ति] [उपकरणः प्रार्थना हिँड्दै]**
3. **किन? हाम्रो लागि उहाँको प्रेम, उहाँको महिमाको लागि, र उहाँको महिमा संसारभर फैलाउनको निम्ति हामी जानुपर्ने उहाँको इच्छाको कारण :** २ कोरिन्थी ५:११-२१ **[उपकरणः ४ आज्ञाहरू र ४ बोलावटहरू]**
4. **कसलाई ? तपाईको सम्बन्ध सञ्जाल :** मत्ती ९:९-१३ **[उपकरणः २० वा १०० को नक्सा/सूची]**
5. **कसरी ? आफ्नो कथा भन्नुहोस् :** मर्कूस ५:१-२० **[उपकरणः तपाईंको कथा]**
6. **कसरी ? परमेश्वरको कथा सुनाउनुहोस् :** प्रेरित २:१-४१ **[उपकरणः ईश्वरको कथा]**
7. **चेला भनेको त्यो हो जसले परमेश्वरबाट सुन्छ, पालन गर्छ र आफूले सिकेको कुरा अरूलाई बताउँछ। हामी ३/३ ढाँचा प्रयोग गरेर यस प्रकारको चेला बनाउन सक्छौं :** एज्रा ७:१०; मत्ती २८:१६-२० **[सिद्धान्तः सुन्नुहोस्, पालन गर्नुहोस्, साझा गर्नुहोस्] [उपकरणः ३/३ बैठक ढाँचा]**
8. **२ समूहहरूको भाग बन्नुहोस् :** प्रेरित १३:१-३ र १४:**२१-२८ [सिद्धान्तः एक पटकमा २ समूहहरूको भाग]**
9. **तपाईंको चेला(हरू) सँग MAWL गर्नुहोस् :** १ कोरिन्थी ४:१४-२१ र ११:१-२ **[सिद्धान्तः मोडेल, सहयोग, हेर्नुहोस्, र छोड्नुहोस्] [Model, assist, watch, and leave]**

## तालिम चक्र - MAWL

✓ **मो**डेल (नमूना) - तिनीहरूलाई यो कसरी गर्ने भनेर देखाउनुहोस् [२-३ हप्ता] 

✓ **म**द्दत - तिनीहरूलाई यो पूरा गर्न मद्दत गर्नुहोस् [२-३ हप्ता] 

✓ **हे**र्नुहोस् - उनीहरूले यो गर्दैगर्दा हेर्नुहोस् [२-३ वर्ष वा बढी] 

✓ **छो**ड्नुहोस् - तिनीहरूलाई कामको जिम्मा दिनुहोस् 

**MAWL** [नमूना, मद्दत, हेर्नुहोस्, र छोड्नुहोस्]

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| पहिलो पुस्ता | M | A | W | L | | | |
| दोस्रो पुस्ता | | M | A | W | L | | |
| तेस्रो पुस्ता | | | M | A | W | L | |
| चौंथो पुस्ता | | | | M | A | W | L |

**एक पटक दुई समूहमा सहभागी :**


✓ तपाईंको समूह तपाईंको प्राथमिक आत्मिक परिवारको रूपमा हुनेछ ।
  - एक समूहमा ६-१२ वयस्कहरू ।
  - नयाँ ख्रीष्टियनहरूलाई आफ्नो समूहमा नल्याउने प्रयास गर्नुहोस् । बरु उनीहरूलाई उनीहरूको सम्बन्धको सञ्जालबाट आफ्नै समूह सुरु गर्न मद्दत गर्नुहोस् । तिनीहरूको लागि यो कसरी गर्ने भनेर नमूना देखाउनुहोस् र त्यसपछि तिनीहरूलाई यो गर्न मद्दत गर्नुहोस् ।

✓ तपाईंले सधैं अरूहरुलाई नयाँ समूह सुरु गर्न र त्यसलाई उनीहरूको प्राथमिक आत्मिक परिवार बनाउन मद्दत गर्ने प्रयास गरिरहनुहुनेछ ।
  - यसलाई हामी "नमूना र सहयोग" भन्छौं । तसर्थ, तपाईं कहिलेकाहीँ एकै समयमा दुई वा बढी समूहहरूमा हुनुहुनेछ जब तपाईं नयाँ समूहहरूको लागि नमूना बन्नुहुन्छ र सहयोग गर्नुहुन्छ ।
  - एक पटकमा धेरै समूहहरू सुरु नगर्नुहोस्, अन्यथा तपाईंले तिनीहरूको आफ्नै समूह सुरु गर्दा तिनीहरूका लागि राम्रोसँग नमूना बन्न र सहायता गर्न सक्नुहुन्न ।

### प्रत्येक समूहले हरेक वर्ष नयाँ समूह सुरु गर्दा हुने समूहहरूको पुनरुत्पादन :

| | | |
|---|---|---|
| बर्ष १ = १ | बर्ष ११ = १,०२४ | बर्ष २१ = १०,४८,५७६ |
| बर्ष २ = २ | बर्ष १२ = २,०४८ | बर्ष २२ = २०,९७,१५२ |
| बर्ष ३ = ४ | बर्ष १३ = ४,०९६ | बर्ष २३ = ४१,९४,३०४ |
| बर्ष ४ = ८ | बर्ष १४ = ८,१९२ | बर्ष २४ = ८३,८८,६०८ |
| बर्ष ५ = १६ | बर्ष १५ = १६,३८४ | बर्ष २५ = १,६७,७७,२१६ |
| बर्ष ६ = ३२ | बर्ष १६ = ३२,७६८ | बर्ष २६ = ३,३५,५४,४३२ |
| बर्ष ७ = ६४ | बर्ष १७ = ६५,५३६ | बर्ष २७ = ६,७१,०८,८६४ |
| बर्ष ८ = १२८ | बर्ष १८ = १,३१,०७२ | बर्ष २८ = १३,४२,१७,७२८ |
| बर्ष ९ = २५६ | बर्ष १९ = २,६२,१४४ | बर्ष २९ = २६,८४,३५,४५६ |
| बर्ष १० = ५१२ | बर्ष २० = ५,२४,२८८ | बर्ष ३० = ५३,६८,७०,९१२ |

## MAWL र समूह गुणन परिदृश्य




BB ले Z लाई ख्रीष्टमा ल्याउँछ र Z शान्तिको व्यक्ति हुन्छ। प्रारम्भिक चेलापन पाठ, "किन ? कसलाई ? कसरी ?" सिकिसकेपछि Z ले नयाँ समूह सुरु गर्न केही साथीहरू र परिवारलाई भेला गर्न सक्षम हुन्छ। BB हरु अझै पनि तिनीहरूको मौलिक समूहको भाग हो, तर तिनीहरूले आफ्नो नयाँ समूह सुरु गर्दा Z को लागि ***मोडेलिङ र मद्दत*** गर्दै गर्नेछन्। यसपछि, BB चाहिँ Z सँग चेलापनको ***हेर्नुहोस्*** चरणमा प्रवेश गर्छ र Z ले गर्नुपर्ने काम गरिरहेको छ भनी सुनिश्चित गर्नेछ।

Z को साथी M पहिले देखि नै एक इसाई छ। M ले Z लाई उसको समूहमा सामेल हुन सक्छु कि भनेर सोध्यो। Z ले भन्यो, "मेरो समूह पहिले नै भरिएको छ, तर मलाई तपाईंका साथीहरू र परिवारसँग तपाईंको आफ्नै समूह सुरु गर्न **मद्दत** गर्न दिनुहोस्।" त्यसैले Z ले M को लागि समूह कसरी निर्माण गर्ने भनेर नमूना देखाउँछ र त्यसपछि उसलाई ***मद्दत*** गर्छ। Z यस समूहको भाग होइन। Z यो समूहको लागि ***नमूना*** र ***मद्दत*** चरण [लगभग २ महिना] को अवधिको लागि मात्र एक भाग हो।

QQ ले **T** र उनको समूहसँग MAWL [नमूना, मद्दत, हेर्नुहोस्, र छोड्नुहोस्] गर्दैछ। यो मूल समूह [BB को समूह] बाट चौथो पुस्ता हो। यदि तपाईं यस बिन्दुमा पुग्नुभयो भने, तपाईं विश्वस्त हुन सक्नुहुन्छ कि तपाईंका समूहहरूमा गुणनको DNA (वंशाणु) सेट गरिएको छ।

- ✓ सबै समूहका अगुवाहरू वर्षभरि बेलाबेलामा निरन्तर चलिरहने नेतृत्व विकास र प्रशिक्षणको लागि एकजुट हुनेछन्।
- ✓ समूहहरू हरेक हप्ता भेट्नेछन्। यसरी यहाँ जीवनबाट-जीवनमा चेलापन हुन्छ। सहर वा क्षेत्रका समूहहरू पनि उत्सव सेवा वा आउटरिच कार्यक्रमको लागि मासिक, त्रैमासिक वा विशेष छुट्टीको लागि सँगै भेला हुन सक्छन्। एक सहरी भेलामा ५-१२ समूहहरु एक साथ भेला हुन सक्छन्।

## दोस्रो समूह पाठ

३/३

**जवाफदेहिता मुख्य हो [भाग २]**

- ✓ हामीले जे गर्न जाँदैछौं भनेर भन्छौं त्यसमा एकअर्कालाई जवाफदेही राख्न आवश्यक छ, यसरी **हामी एक-अर्काप्रति वास्ता देखाउछौं । यो एक-अर्काप्रति प्रेमबाट गरिएको हुन्छ, दोष सिर्जना गर्न होइन ।**
- ✓ चेक-अप खण्डमा रहेका प्रश्नहरूको सम्भावित जवाफहरू... र तपाईंले कसरी जवाफ दिनुपर्छ :
  - मैले पालन गरें
    - उत्कृष्ट ! के भयो ?
    - के तपाईंले चेला बनाइरहनुभएकाहरू नयाँ विश्वासीहरूलाई, किन ? कसलाई ? कसरी ? वा अन्य सामग्री सिकाउन आवश्यक छ ?
  - मैले बिर्सें !
    - ठिकै छ । यो आउने हप्ता फेरि प्रयास गर्नुहोस् ।
  - बुझ्नलाई समस्या [के गर्नुपर्ने हो मैले बुझिनँ]
    - ठिकै छ । मलाई थाहा दिनुभएकोमा धन्यवाद । म तपाईंलाई यो समूह पछि फेरि बताउनेछु ।
  - अवसरको समस्या [उदाहरणका लागिः त्यो व्यक्ति घरमा थिएन]
    - ठिकै छ । यो आउने हप्ता फेरि प्रयास गर्नुहोस् ।
  - आत्मिक समस्या [आत्मिक/पाप समस्याको कारण त्यो व्यक्तिले आज्ञापालन गरिरहेको छैन]
    - मत्ती १८:१५-२० प्रयोग गर्नुहोस् ।

**पालना गर्नुहोस्, प्रशिक्षण दिनुहोस्, साझेदारी गर्नुहोस्**

- ✓ यी अवधारणाहरू ३/३ ढाँचा प्रयोग गर्ने समूहमा चेला बनाउन महत्वपूर्ण छन् ।
- ✓ **पालन गर्नुहास् :** जब तपाईंले "कसरी आज्ञापालन गर्नुभयो ?" भनी सोध्नुहुन्छ । यदि आज्ञाकारिताको कुरा आउँछ भने तपाईंले विश्वासमा डोऱ्याउनुभएको व्यक्ति वा तपाईंले पहिलेदेखि नै चेला बनाइरहनुभएको [प्रशिक्षण दिइरहनुभएको] व्यक्तिलाई तपाईंले सधैं अगाडीका कदमहरू के के छन् भनेर सोध्नुपर्छ ।
- ✓ **प्रशिक्षण दिनुहोस् :** तालिम कसैलाई अनुशासित चेला बनाउने अर्को शब्द हो । अर्को शब्दमा, जब हामी "तपाईंले कसलाई तालिम दिनुभयो ?" भन्ने बारेमा कुरा गर्छौं, यसको अर्थ हो :
  - तपाईं कोसँग समय बिताउँदै हुनुहुन्छ र आफूले सिक्दै गरेका कुराहरू कसलाई सिकाउँदै हुनुहुन्छ ?
  - तपाईंले गहिरो रूपमा ध्यान दिइरहनुभएको मानिसहरू को को हुन् ?
  - प्रशिक्षण दिनुको अर्थ कसरी कामहरू गर्ने भनेर मानिसहरूको लागि तपाईं नमूना देखाउँदै हुनुहुन्छ । यसको मतलब कसरी गर्ने भनेर तपाईंले जान्नुभएका कुराहरू तिनीहरूलाई गर्न मद्दत गर्दै हुनुहुन्छ । हामी यसलाई "नमूना र मद्दत" भन्छौं । यसलाई हामी चेलापन भन्छौं ।
- ✓ **साझा गर्नुहोस् :** अर्को शब्दमा, तपाईं कसलाई साक्षी दिँदै हुनुहुन्छ ? तपाईंले कसलाई विश्वासमा डोऱ्याउनुभयो ? के तपाईंले गत हप्ता आफ्नो कथा वा परमेश्वरको कथा साझा गर्ने प्रयास गर्नुभएको छ ?

**दुई अर्थतन्त्र**

- ✓ संसारको अर्थतन्त्रले हामीलाई वस्तुहरूको लागि काम गर्न र तिनीहरूलाई राखिराख्न सिकाउँछ ।
- ✓ आत्मिक अर्थतन्त्रले हामीलाई जे पाउँछौं त्यो दिन सिकाउँछ । जब हामी यो गर्छौं, हामी बृद्धि हुनेछौं ।
  - समूहहरूले तपाईंलाई प्रत्येक हप्ता प्राप्त गर्नुभएका कुराहरू दिन मद्दत गर्नेछ, यसरी तपाईं यस प्रक्रियामार्फत आत्मिक रूपमा बढ्नुहुनेछ ।
  - प्रेमिलो जवाफदेहिताले हामी एक-अर्काको ख्याल राख्छौं भनेर पनि देखाउँछ ।

**अभ्यासः** स्टार्ट ट्रयाक (सुरु मार्ग) मा आफ्नो समूहसँग पाठ #४ अभ्यास गर्नुहोस् ।

## प्रार्थना चक्र

यो प्रार्थनामा एक घण्टा बिताउनको लागि निर्देशित ढाँचा हो । मानिसहरूलाई प्रार्थनाको विभिन्न पक्षहरू बुझ्न सक्षम बनाउन र प्रार्थनाको लागि तिनीहरूको क्षमता बढाउन यो उपयोगी छ । प्रत्येक खण्डमा पाँच मिनेट व्यथित गर्नु यसको आसय हो ।


1. **प्रशंसा :** प्रभुको प्रशंसा गरेर आफ्नो प्रार्थनाको समय सुरु गर्नुहोस् । तत्काल तपाईंको दिमागमा भएका कुराहरूको लागि उहाँको प्रशंसा गर्नुहोस् । गत हप्तामा उहाँले तपाईंको जीवनमा गर्नुभएको एउटा विशेष कुराको लागि उहाँको प्रशंसा गर्नुहोस् । तपाईंको परिवारमा उहाँको भलाईको लागि उहाँको प्रशंसा गर्नुहोस् ।
2. **पर्खनुहोस् :** यो समय प्रभुमा पर्खनुहोस् । मौन रहनुहोस् र उहाँलाई तपाईंको लागि प्रतिबिम्बहरू देखाउन दिनुहोस् ।
3. **स्वीकार गर्नुहोस् :** पवित्र आत्मालाई तपाईंको जीवनमा उहाँलाई खुशी नपार्ने कुरा देखाउनको लागि भन्नुहोस् । उहाँलाई गलत मनोवृत्तिहरू, साथै कुनै खास कार्यहरू औंल्याउन विन्ति गर्नुहोस्, जसको लागि तपाईंले अहिलेसम्म स्वीकारको प्रार्थना गर्नुभएको छैन । यो कुरा अहिले प्रभुमा स्वीकार गर्नुहोस् ताकि तपाईं शुद्ध हुनुहुनेछ ।
4. **वचन पढ्नुहोस् :** भजन संग्रह, अगमवक्ताहरूको पुस्तक र नयाँ करारमा भएका प्रार्थनासम्बन्धि खण्डहरू पढ्न समय बिताउनुहोस् ।
5. **माग्नुहोस् :** आफ्नो र अरूको तर्फबाट सामान्य विन्तिहरू गर्नुहोस् ।
6. **अन्तरविन्ति :** आफ्नो र अरूको तर्फबाट विशेष विन्तिहरू गर्नुहोस् ।
7. **वचन प्रार्थना गर्नुहोस् :** विशेष खण्डहरू प्रार्थना गर्नुहोस् । धर्मशास्त्रीय प्रार्थनाहरू साथै थुप्रै भजनहरूले तपाईंलाई यस उद्देश्यका लागि राम्रोसँग मद्दत दिन्छ ।
8. **धन्यवाद दिनुहोस् :** तपाईंको जीवनमा भएका चीजहरूको लागि, तपाईंको परिवारको तर्फबाट र तपाईंको समूहको तर्फबाट प्रभुलाई धन्यवाद दिनुहोस् ।
9. **भजन गाउनुहोस् :** प्रशंसा वा उपासनाका गीतहरू वा भजन वा आत्मिक गीत गाउनुहोस् ।
10. **ध्यान गर्नुहोस् :** प्रभुलाई तपाईंसँग बोल्न विन्ति गर्नुहोस् । उहाँले तपाईंलाई देखाउनुभएका कुराहरू रेकर्ड गर्न कलम र कागज तयार राख्नुहोस् ।
11. **सुन्नुहोस् :** तपाईंले पढेका कुराहरू, तपाईंले प्रार्थना गर्नुभएका कुराहरू र तपाईंले गाएका कुराहरू एकसाथ जोड्दै समय बिताउनुहोस् र कसरी प्रभुले ती सबैलाई तपाईंसँग बोल्न एकसाथ ल्याउनुहुन्छ, हेर्नुहोस् ।
12. **प्रशंसा :** तपाईंले उहाँसँग बिताएको समय र उहाँले तपाईंलाई देखाउनुभएका कुराहरूको लागि प्रभुको प्रशंसा गर्नुहोस् । उहाँको महिमित गुणहरूको लागि उहाँको प्रशंसा गर्नुहोस् ।




**अभ्यास :** प्रार्थना चक्र मार्फत एक घण्टा प्रार्थना गर्नुहोस् ।

## प्रक्षेपण समूह सारांश

- ✓ एउटा प्रक्षेपण समूहलाई अस्थायी समूहको रूपमा सोच्नुहोस् जसले तीन-तिहाई [३/३] ढाँचा पछ्याउँछ र प्रारम्भिक पाठ "किन ? कसलाई ? कसरी ?" मार्फत अघि बढ्छ र त्यसपछि विश्वासीहरूलाई बाहिर जान र आफ्नै समूहहरू सुरु गर्नको निम्ति सुसज्जित गर्नलाई मद्दत गर्न करीव २-३ महिनाको लागि "स्टार्ट ट्र्याक" (सुरु मार्ग) गर्नुपर्दछ। यस प्रकारका समूहहरू ती व्यक्तिहरूका लागि उत्कृष्ट हुन्छन् जो २ वा ३ दिनको तालिममा जान सक्दैनन् वा बरु यो तालिमलाई साप्ताहिक सत्रहरूमा विभाजन गर्न सकिन्छ।
- ✓ यदि तपाईंसँग एकै पटक, वा छोटो अवधिमा धेरै मानिसहरू ख्रीष्टमा आउदैछन् भने, तपाईंले नयाँ विश्वासीहरूलाई कसरी समूह बनाउने भनेर तालिम दिनलाई मद्दत गर्न यी प्रक्षेपण समूहहरू पनि प्रयोग गर्न सक्नुहुन्छ जसले गर्दा तिनीहरू नयाँ विश्वासी भए तापनि बाहिर गएर तिनीहरूका साथीहरू र परिवारसँग समूहहरू सुरु गर्न सक्नेछन् ...!
- ✓ तिनीहरू संलग्न पाठहरू मार्फत जानको लागि समूहको रूपमा हप्तामा एक पटक भेट्छन्।
- ✓ अघि बढ्नुभन्दा पहिले पाठको सामग्रीमा पोख्त हुनुपर्छ। यदि समूहले सिकेका सामग्री व्यवहारमा गरिरहेका छैनन् भने, समूहको लगभग ७५% सदस्यहरुले कम्तिमा यो गर्ने प्रयास नगरेसम्म तिनीहरू अर्को पाठमा अगाडी बढ्नुहुँदैन। उदाहरणको लागि, पहिलो पाठपछि, यदि समूहको बहुमतले ३ मिनेट भित्र वा त्यो भन्दा कम समयमा आफ्नो गवाही बताउन सक्दैनन् भने, वा कसैले पनि आफ्नो गवाही तिनीहरूले चिनेका मानिसहरूसँग साझा गरिरहेका छैनन् भने तपाईंले पाठ - २ मा जानुभन्दा अघि यसलाई अर्को हप्ता कसरी गर्ने भनेर सिक्न जारी राख्न आवश्यक छ।
- ✓ ३/३ ढाँचा पछि अधिकांश पाठहरूलाई लगभग २ घण्टा लाग्नेछ। यसमा लाग्ने समय त्यो समूहको आकार कति ठूलो छ वा मानिसहरुले "माथि हेर्नुहोस्" खण्डमा भएका प्रत्येक प्रश्नको लागि कति लामो बोल्नेछन् भन्ने कुरामा पनि निर्भर गर्दछ।
- ✓ विशेषगरी यदि मानिसहरूले आफ्नो कथा वा परमेश्वरको कथा कसरी सुनाउने भनेर अझै बुझ्न सकेका छैनन् भने, पहिलो दुई पाठ पूरा गर्न दुई वा तीनवटा बैठकहरू लाग्न सक्छ। अन्य पाठहरू एक बैठकमा गर्न सक्षम हुन सक्छ, तर दुई बैठक पनि लाग्न सक्छ। फेरि, सुनिश्चित गर्नुहोस् कि तपाईं चेलापन सामग्री सिक्दै हुनुहुन्छ र यसलाई समूहको रूपमा अभ्यास गर्दै हुनुहुन्छ। यो एक आज्ञाकारिता-आधारित चेलापन पाठ्यक्रम हो, केवल त्यत्तिकै अघि बढ्ने पाठहरूको सङ्गालो मात्र होइन।
- ✓ सुनिश्चित गर्नुहोस् कि तपाईंले प्रत्येकलाई पालैसँग प्रक्षेपण समूहको नेतृत्व गर्ने जिम्मेवारी दिनुपर्नेछ, ताकि कसरी नेतृत्व गर्ने भनेर सबैले सिक्न सकून्।
- ✓ २-३ महिनाको सँगै भेटघाटको अन्त्यमा, प्रत्येक व्यक्तिले आ-आफ्नो समूह सुरु गर्नेछन् वा सुरु गर्न प्रतिबद्ध हुनेछन्। त्यसपछि प्रक्षेपण समूहको अगुवाले सहभागीहरूलाई उनीहरूको आफ्नै समूहहरू सुरु गर्दै गर्दा तिनीहरूलाई अनुगमन गर्नेछ।
- ✓ यस्तै हुनुपर्छ भन्ने नभए पनि, यदि प्रक्षेपण समूहले सुरुको २-३ महिना पछि सँगै बस्ने निर्णय गर्छ भने, तिनीहरूले त्यसो गर्न सक्नेछन्। यद्यपि, उनीहरूले यो सुनिश्चित गर्न आवश्यक छ कि उनीहरूले मूल समूह (समूह) भन्दा बाहिर समूहहरू सुरु गर्दैछन्, ताकि त्यो केवल एक "पवित्र भिंड" मात्र नबनोस्। समूहको रूपमा अध्ययन गर्न अतिरिक्त श्रृङ्खलाहरू उपलब्ध छन्, अथवा तपाईंको समूहमा ३/३ ढाँचा प्रयोग गरेर जानको लागि बाइबलको एउटा पुस्तक छान्नुहोस्।



# एक प्रक्षेपण समूह कसरी सुरु गर्ने ?

**तपाईंको हालको समूह वा संगठन भित्रबाट चेला बनाउने अभियान सुरु गर्न प्रक्षेपण समूह प्रयोग गर्नुहोस् !**

## पूर्व-बैठक

तपाईंको समूहमा रहेका ख्रीष्टियनहरूलाई तिनीहरूको शहर र राष्ट्रभरि फैलिएको चेलापन अभियानको एक हिस्सा कसरी बन्न सक्छ भन्ने बारे **दर्शन दिनुहोस्** ! त्यसपछि तलको तालिका प्रयोग गरी चेला बनाउने तरिकाहरू तालिम दिन तिनीहरूलाई प्रक्षेपण समूहहरूमा जम्मा गर्नुहोस् ।


### हप्ता १

**किन ? कसलाई ? कसरी ?** भन्ने प्रारम्भिक पाठबाट सुरु गर्नुहोस् । तपाईंलाई लगभग २ घण्टा जति चाहिन्छ ।

### हप्ता २ [र त्यसपछिका हप्ताहरू]

**स्टार्ट ट्र्याक** (सुरु मार्ग) प्रयोग गर्नुहोस् र यसलाई तपाईंको **समूह बैठक ढाँचामा** जोड्नुहोस् जसले ३/३ ढाँचालाई पछ्याउँछ । दोस्रो हप्तामा पाठ १ बाट सुरु गर्नुहोस्, र यदि तपाईंको समूहले वास्तवमै आफ्ना कथाहरू साझा गरिरहेका छन् भने अर्को हप्ता अर्को पाठमा जानुहोस् । यदि त्यस्तो भइरहेको छैन भने, सबैले आफ्नो कथा कसरी साझा गर्ने र वास्तवमा आफ्नो कथा साझा गरिरहेका छन् भन्ने थाहा नभएसम्म अर्को एक वा दुई हप्ता पाठ १ मा नै रहनुहोस् । प्रत्येक हप्ता यो ढाँचा प्रयोग गरेर तपाईंले कुल ८ पाठहरू मार्फत जानुपर्नेछ ।

- ✓ **पाठ १ :** किन ? कसलाई ? कसरी ?
- ✓ **पाठ २ :** पवित्र आत्मा
- ✓ **पाठ ३ :** तपाईंको कथा भन्नुहोस्
- ✓ **पाठ ४ :** परमेश्वरको कथा भन्नुहोस्
- ✓ **पाठ ५ :** पछ्याउनुहोस् र माछा समाउनुहोस्
- ✓ **पाठ ६ :** बप्तिस्मा
- ✓ **पाठ ७ :** ख्रीष्टमा तपाईंको नयाँ परिचय
- ✓ **पाठ ८ :** बाइबल
- ✓ **पाठ ९ :** परमेश्वरसँग कुरा गर्नुहोस्
- ✓ **पाठ १० :** कठिन अवस्थाहरु
- ✓ **पाठ ११ :** स्वस्थ चेला बन्नु




### तपाईंले नयाँ विश्वासीहरूसँग के गर्नुपर्छ ?

यदि कसैले सुसमाचार स्वीकार गर्छ भने, प्रशिक्षार्थीले नयाँ विश्वासीलाई स्टार्ट ट्र्याक सिकाउनुपर्छ । यदि त्यहाँ समय छैन भने पछि भेट्नको लागि समय मिलाउनुहोस् । **नयाँ विश्वासीलाई प्रक्षेपण समूहमा फिर्ता नल्याउनुहोस् ।** यसले आज्ञाकारितामा आधारित चेलापन र नयाँ अगुवाहरू बनाउने कामलाई बन्द गर्नेछ, किनभने नयाँ ख्रीष्टियन "प्रशिक्षित" समूह अगुवाप्रति निर्भर हुन थाल्नेछ । बरु, सम्भव भएमा नयाँ विश्वासीलाई उनीहरूका सम्बन्धको सञ्जाल वरिपरि एउटा समूह बनाउन मद्दत गर्नुहोस् । यदि तपाईं एक नयाँ विश्वासीको वरिपरि एउटा नयाँ समूह सुरु गर्न सफल हुनुहुन्न भने नयाँ विश्वासीलाई स्टार्ट ट्र्याक पाठहरु [एकले-अर्कालाई] सिकाउनुहोस् र तिनीहरूलाई हालको समूहमा राख्नुहोस् ।

# गुणन र चेलापन सिद्धान्तहरु

कस्ता सिद्धान्तहरुले चेलाहरुको छिटो गुणनात्मक बृद्धि गर्नतर्फ डोऱ्याउँछ ?

### सिद्धान्त #१ - **सबैजनालाई सुसज्जित गर्ने**


- ✓ प्रत्येक चेला एक चेला निर्माता, प्रत्येक घर एक प्रशिक्षण केन्द्र, प्रत्येक समूह एक मिसन संगठन हो ।

### सिद्धान्त #२ - **दोहोरो जवाफदेहिता**

- ✓ परमेश्वरबाट सुन्नुहोस् र उहाँले तपाईंलाई प्रकट गर्नुभएको कुरा पालन गर्नुहोस् ।
- ✓ यसलाई अरूहरुसँग साझा गर्नुहोस् र एक अर्काप्रति जवाफदेही बनाउनुहोस् ।

हामी परमेश्वरप्रति र मानिसहरुप्रति जवाफदेही छौं

हाँसको चल्लाको चेलापन : येशू आमा हाँस हुनुहुन्छ । हामी सबै उहाँको पछि लागेका छौं । तपाईं आफ्नो पछाडि अरुलाई अगुवाई गर्न परिपक्व हाँस हुनुपर्छ भन्ने छैन... तपाईं केवल एक कदम अगाडि हुन आवश्यक छ ।



### सिद्धान्त #३ - **प्रत्येक चेलाले आफैलाई खुवाउन सक्नुपर्छ :**

- ✓ वचन [बाइबल]
- ✓ प्रार्थना
- ✓ शारीरिक जीवन [अन्य विश्वासीहरूसँग भेला हुने]
- ✓ सतावट र दु:खकष्ट

### सिद्धान्त #३ - **परमेश्वरको राज्य नभएको ठाउँमा हेर्ने आँखाहरु**

- ✓ तपाईंको वरिपरि परमेश्वरको राज्य कहाँ छुटिरहेको छ ? तपाईंले यी नयाँ क्षेत्रहरुमा कसरी काम सुरु गर्न थाल्नुहुनेछ ? हामीले सधैं परमेश्वरको राज्य नभएका ठाउँहरू खोजिरहनुपर्छ ।
- ✓ येशूले सबैभन्दा कम, अन्तिम र हराएकोलाई प्रेम गर्नुहुन्छ । यी मानिसहरूलाई उद्देश्यसहित खोज्नुहोस् ।

## जवाफदेहीता समूहहरु

1. समान लिङ्गको समूहहरुमा हुनुहोस् । ४ जना पुगेपछि समूहलाई विभाजन गर्नुहोस् [त्यसैले अब तपाईंसँग यो प्रक्रिया दोहोऱ्याउने २-२ जनाको दुई समूहहरु हुनेछ]। यो समूह/चेलाहरूलाई गुणन गर्नको लागि गरिन्छ ।

2. प्रत्येक व्यक्तिले सुन्न वा पढ्नको लागि धर्मशास्त्रका कम्तिमा २५ अध्यायहरू छान्नेछन् । पुस्तकको विस्तृत सर्वेक्षण प्राप्त गर्न पूरा पुस्तक पढ्ने प्रयास गर्नुहोस् । यदि यो छोटो पुस्तक हो भने, यसलाई धेरै पटक पढ्नुहोस् ।

3. तिनीहरू साप्ताहिक रूपमा भेट्नेछन् र उनीहरूले हप्ताभरिका खण्डहरु सुनेका वा पढेका छन् कि छैनन् भनी अपसमा साझा गर्छन् ।

4. त्यसपछि तिनीहरूले २ तिमोथी ३:१६-१७ पढ्छन् वा उद्धृत गर्छन् र तिनीहरूले सुनेको वा पढेको परिणाम स्वरुप तिनीहरूले के गर्न थाल्नुपर्छ, के गर्न छोड्नुपर्छ, के सुधार गर्नुपर्छ वा बढ्नुपर्छ भनेर प्रभुले तिनीहरूलाई भन्नुभएको कुरा आपसमा साझा गर्छन् ।

> [१६]सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई [सुरु गर्न], अर्ती दिनलाई [रोक्न], सच्याउनलाई [सच्याउन], धार्मिकतामा तालीम दिनलाई [बृद्धि हुन], लाभदायक हुन्छ, [१७]ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस् ।
>
> - २ तिमोथी ३:१६-१७

5. त्यसपछि तिनीहरूले १ यूहन्ना २:१५-१७ पढ्छन् वा उद्धृत गर्छन् र गत हप्ताको शरीरको अभिलाषा, आँखाको अभिलाषा वा जीवनको घमण्डसँग सम्बन्धित कुनै पनि पाप स्वीकार गर्छन् । त्यसपछि तिनीहरूले कसरी प्रभुले तिनीहरूलाई गत हप्तामा उहाँको इच्छा पूरा गर्न सक्षम बनाउनुभयो भनी आपसमा साझा गर्छन् ।

> [१५]संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर । यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन । [१६]किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा, आँखाको अभिलाषा, जीवनको शेखी पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन् । [१७]संसार बितिजान्छ र त्यसको अभिलाषा पनि बितिजान्छ, तर परमेश्वरको इच्छा पूरा गर्नेचाहिँ सधैंको निम्ति रहन्छ ।
>
> - १ यूहन्ना २:१५-१७

6. त्यसपछि तिनीहरूले समूहमा साझा गरिएको कुराको आधारमा एक-अर्काको लागि प्रार्थना गर्न समय बिताउँछन् ।

*नोट : नयाँ साझेदारसँग साझेदारी गर्नु अघि गोपनीयता स्पष्ट रूपमा संचार र सहमत भएको हुनुपर्छ ।*

**अभ्यास :** एक वा दुई अन्य व्यक्तिहरूसँग जवाफदेही समूह बनाउनुहोस् ।

## थोरै व्यक्तिमा लगानी गर्नुहोस्


- ✓ तपाईं कोसँग समय बिताउनुहुन्छ ? तपाईंले सिकाउनुभएको कुरा लागू गर्ने र अरुलाई सिकाउनेहरू !
- ✓ प्रशिक्षित हुन इच्छुक जो कोहीलाई तालिम दिनुहोस्, तर फल फलाउनेहरुलाई अनुगमन गर्नुहोस् ।
- ✓ केहीमा गहिराइको साथ खन्याउनुहोस् जासले अरु केहीमा गहिराइमा खन्याउनेछ ।

## तिर्नुपर्ने मूल्य

- ✓ यदि तपाईंले यी चेलापन सिद्धान्तहरू पालन गर्नुभयो भने, तपाईंले सतावट वा आत्मिक आक्रमणहरू भोग्नुहुनेछ ।
    - २ तिमोथी ३:११-१२ र रोमी ८:१७
- ✓ यद्यपि परमेश्वरले ती आक्रमणहरूलाई छुटकारा दिन सक्नुहुन्छ र तिनीहरूलाई भलाईको लागि काम गर्न सक्नुहुन्छ ।
    - रोमी ८:२८

## यी सिद्धान्तहरुलाई साझा गर्ने

- ✓ तपाईंले भर्खरै सिकेका कुराहरू लागू गर्न सक्षम हुनुभएपछि, तपाईंले ती कुराहरू कसलाई साझा गर्नुहुन्छ ?
    - यी कुराहरू नयाँ विश्वासीहरू वा युवाहरूसँग साझा गर्नु उत्तम हुन्छ । एक व्यक्ति जति बूढो हुन्छ वा जति लामो समयसम्म ख्रीष्टियन भएको हुन्छ, त्यति नै कम उनीहरूले चेला बन्ने नयाँ बाटो खोल्ने सम्भावना हुन्छ । सङ्गठन र समूहको हकमा पनि यो सत्य छ । तिनीहरू जति ठूला हुन्छन् वा जति लामो समय तिनीहरू वरिपरि छन्, त्यति कम तिनीहरू परिवर्तनको लागि खुला हुनेछन् ।
    - पुरानो र नयाँ टालो र दाखमद्यको छालाको मसकको दृष्टान्त [लूका ५:३६-३९]
- ✓ तपाईंलाई सिकाइएको कुरालाई सधैं व्यवहारमा उतार्नुहोस् र अरूलाई यो गर्न लगाउनु अघि आफैं गर्नुहोस् । साथै, तपाईंलाई सिकाइएको कुरा ज्यादै फेरबदल नगर्नुहोस्, अन्यथा यसले काम गर्नेछैन !




मानिसहरूलाई यो प्रशिक्षण कार्यान्वयन गर्नको लागि, यथास्थितिसँग असन्तुष्टि + राम्रो तरिकाको ज्ञान + पहिलो कदमहरू कसरी लिने भन्ने ज्ञान > थकान

## अन्तिम विचारहरु


- ✓ हामी पुनरुत्पादन गर्ने समूहहरूमा काम गर्न चाहन्छौं । यदि तपाईंले पुनरुउत्पादन नगर्ने समूह सुरु गर्नुहुन्छ भने, चिन्ता नगर्नुहोस् ! फेरि प्रयास गर्नुहोस् । यो अन्धकारमा अझै उज्यालो छ !
- ✓ एक प्रसिद्ध खेलाडीले एक पटक भनेका थिए : "तपाईंले कहिल्यै सामना नगर्ने शटहरू १००% मिस गर्नुहुनेछ !"
    - त्यसैले आफ्नो हात फोहोर बनाउनुहोस् ! गल्ती गर्न नडराउनुहोस् ।

# चेलापन उपकरण सारांश

यी चेलापन उपकरणहरू कहिले र कसरी प्रयोग गर्ने



**३/३ बैठक ढाँचा** लाई गैर-खीष्टियनहरू [खोज श्रृङ्खला, आसा श्रृङ्खला, वा यूहन्नाको चिन्हहरुको श्रृङ्खला] वा सँगी चेलाहरूसँग [खोज श्रृङ्खला, स्टार्ट ट्र्याक, सबल श्रृङ्खला] तिनीहरूको आत्मिक यात्राको प्रगतिलाई प्रोत्साहन गर्ने तरिकाको रूपमा प्रयोग गर्न सकिन्छ । एउटा यस्तो समूह राख्नुहोस् जुन तपाईंको निरन्तर रहिरहने प्राथमिक आत्मिक समूदाय हो । यो तपाईंको घरमा अथवा जहाँ तपाईं भेट्न चाहनुहुन्छ त्यहाँ भेट्न सक्नुहुन्छ । कुनै व्यक्तिलाई नयाँ समूह प्रारम्भ गर्नलाई मद्दत गर्नको लागि सधैं नमूना बन्न वा सहयोग गर्न अस्थायी रुपमा प्रयास गर्नुहोस् । उनीहरूले भेट्न रोजेका ठाउँमा यो गर्नुपर्छ । खीष्टका नयाँ अनुयायीहरूलाई स्टार्ट ट्र्याक मार्फत लिनुपर्छ । स्टार्ट ट्र्याक खीष्टियन भइसकेकाहरूलाई पनि चेला बनाउने तालिम दिन सुरु गर्न प्रयोग गर्नुपर्छ । तपाईंका चेलाहरूलाई उनीहरूले जान्नुपर्ने महत्वपूर्ण चेला बनाउने सिद्धान्तहरू र विधिहरू सिकाउन स्टार्ट ट्र्याक पछि अर्को चरणको श्रृङ्खला प्रयोग गर्नुहोस् ।



**किन ? कसलाई ? कसरी ?** पाठ भनेको चेलापन सुरु गर्नको लागि आधारभूत पाठ हो । यो नयाँ विश्वासीहरूका लागि, तपाईंले तिनीहरूलाई विश्वासमा डोऱ्याउनुभएपछि उनीहरूले पनि आफ्नो विश्वास साझा गर्ने सही मार्गमा डोऱ्याउन र उनीहरूले विश्वासमा डोऱ्याएकाहरूलाई चेला बनाउनको लागि प्रयोग गरिनुपर्छ । यो खीष्टियन भइसकेकाहरूलाई पनि उनीहरूको विश्वास साझा गर्न र अरूलाई चेला बनाउने बाटोमा डोऱ्याउन सुरु गर्न प्रयोग गर्नुपर्छ । किन ? कसलाई ? कसरी ? भित्र किन ? मा दर्शन निकाल्ने काम, कसरी ? मा **सम्बन्ध नेटवर्क सूची/नक्सा**, र कसलाई ? मा **तपाईंको कथा** र **परमेश्वरको कथा** समावेश गर्दछ । उनीहरूलाई आधारभूत चेलापन पाठहरू सिकाउन ३/३ प्रक्रियाद्वारा विश्वासीहरूलाई कि त व्यक्तिगत रूपमा वा समूहहरूमा चेला बनाइदै गर्दा किन ? कसलाई ? कसरी ? विधि पछि स्टार्ट ट्र्याक र यसका प्रारम्भिक पाठहरू प्रयोग गर्नुपर्छ ।



**प्रार्थना चक्र** सकेसम्म धेरै पटक प्रयोग गर्नुपर्छ । यो सँगी चेलाहरूलाई पनि परमेश्वरसँगको घनिष्ठता बढाउनको लागि साझा गर्न सकिन्छ ।


**पैदल प्रार्थना यात्रा** आवश्यकताको आधारमा गर्नुपर्छ । तपाईं आफै नियमित प्रार्थनामा पैदल हिंड्ने बानी बसाल्नुहोस् । साथै, सँगी विश्वासीहरूसँग उनीहरूको विश्वासको अर्को कदम चाल्न मद्दत गर्ने तरिकाको रूपमा प्रार्थना पैदल यात्रा गर्ने बारेमा विचार गर्नुहोस् ।





**जवाफदेहिता समूहहरू** हप्तामा एक पटक भेट्नुपर्छ । तिनीहरू अस्थायी हुन् तर तपाईं सधैं एकमा चाहिँ हुनुपर्दछ । गैर-खीष्टियनहरू जवाफदेहिता समूहहरूमा हुन सक्छन्, यद्यपि त्यस अवस्थामा सुसमाचारीय प्रार्थना परिवर्तन हुन सक्छ । यसलाई एक उपकरणको रूपमा विचार गर्नुहोस् जुन कसैलाई पनि उनीहरूको आत्मिक जीवनमा बढ्नको लागि अर्को कदम चाल्न मद्दत गर्न प्रयोग गर्न सकिन्छ ।

**प्रक्षेपण समूहहरु** खीष्टियनहरूलाई समूह निर्माणमा वा केही महिनाको लागि ठूलो समूहहरूलाई तालिम दिन चाहेको अवस्थामा प्रयोग गर्न सकिन्छ । पहिलो हप्ता किन ? कसलाई ? कसरी ? पाठबाट सुरु गर्नुहोस् र त्यसपछि अर्को हप्ताहरूमा स्टार्ट ट्र्याक मार्फत जानुहोस् ।



## ३ महिने प्रतिबद्धताहरु

**अभ्यास :** अभ्यासः तलका खाली ठाउँहरूमा तपाईंको सम्बन्ध सञ्जाल पानाबाट नामहरू प्रविष्ट गर्नुहोस् :

म **मेरो कथा** [गवाही] र **परमेश्वरको कथा** [सुसमाचार] निम्न व्यक्तिहरूसँग साझा गर्नेछु :

म निम्न व्यक्तिहरूलाई मसँग **समूह** सुरु गर्न आमन्त्रित गर्नेछु :

म निम्न व्यक्तिहरूलाई तिनीहरूका आफ्नै **समूहहरु** सुरु गर्न र तिनीहरूलाई त्यसो गर्न सुसज्जित गर्न चुनौती दिनेछु :

म निम्न व्यक्तिहरूलाई **आसा, यून्नाका चिन्हहरु,** वा जिज्ञासुहरुका निम्ति **खोज समूहमा**, भाग लिन आमन्त्रित गर्नेछु :

म निम्न व्यक्तिहरूलाई मसँग **जवाफदेहिता समूह** सुरु गर्न आमन्त्रित गर्नेछु :

म निम्न व्यक्तिहरूलाई तिनीहरूका आफ्नै **जवाफदेहिता समूहहरू** सुरु गर्न र तिनीहरूलाई त्यसो गर्न सुसज्जित बनाउन चुनौती दिनेछु :

म निम्न व्यक्तिहरूलाई मसँग **पैदल प्रार्थना यात्रा**मा हिँड्न निम्तो दिनेछु :

म **किन ? कसलाई ? कसरी ?** पाठ प्रयोग गरी निम्न व्यक्तिहरूलाई तिनीहरूको कथा र ईश्वरको कथा साझा गर्न र तिनीहरूको सम्बन्धको संजालमा मानिसहरूको सूची वा नक्सा बनाउनको लागि सुसज्जित गर्नेछु :

म निम्न समूह वा स्थानहरूमा एक **प्रक्षेपण समूह** सुरु गर्नेछु :

म प्रत्येक ______________________मा एक पटक **प्रार्थना चक्र** प्रयोग गर्नेछु ।

म प्रत्येक ______________________मा एक पटक **प्रार्थना पैदल यात्रा** गर्नेछु ।

अन्य प्रतिबद्धताहरू :

## बिगलाइफ जानकारी:

**WEBSITE:** big.life

**आर्थिक दान:** यदि तपाईं संसारभरका विश्वासीहरूलाई येशू ख्रीष्टको लागि तिनीहरूका आफ्नै मानिसहरूमा पुग्न र चेला बनाउनको लागि हाम्रो मिशन जारी राख्न मद्दत गर्न बिगलाइफसँग आर्थिक रूपमा साझेदारी गर्न चाहनुहुन्छ भने, तपाईंले हाम्रो वेबसाइट मार्फत दान गर्न सक्नुहुन्छ वा "बिगलाइफ" लाई यो ठेगानामा भुक्तानीयोग्य चेकहरू पठाउन सक्नुहुन्छ :

**Biglife**
**PO Box 110431**
**Naples, FL 34108**

**प्रार्थना:** तपाईंले Biglife वेबसाइटमा Biglife प्रार्थना इमेलको लागि साइन अप गर्न सक्नुहुन्छ। विश्वको प्रत्येक क्षेत्रका लागि हालको प्रार्थना अनुरोधहरू पनि वेबसाइटमा फेला पार्न सकिन्छ।

**तालिम :** तपाईले हाम्रो वेबसाइट training@big.life मार्फत तपाईंलाई वा तपाईंले चिन्ने अरूलाई प्रशिक्षणको बारेमा Biglife लाई सम्पर्क गर्न सक्नुहुन्छ।

---

## स्रोतहरु :

**प्रशिक्षण म्यानुअल र स्रोतहरू:**

थप प्रशिक्षण स्रोतहरू हाम्रो वेबसाइटमा फेला पार्न सकिन्छ। यसमा प्रशिक्षण पुस्तिकाहरू [अंग्रेजी र अरु भाषाहरू दुवै], तपाईंको समूहको लागि थप अध्ययन श्रृङ्खलाहरू, चेलापन बुकमार्कहरू, प्रशिक्षण समीक्षा भिडियोहरू र गिती पुस्तकहरू समावेश छन्। यदि तपाईंलाई तपाईंको भाषामा म्यानुअल अनुवाद गर्नको लागि अन्य प्रशिक्षण सामग्री वा शब्द कागजात को आवश्यकता छ भने तपाईं हामीलाई सम्पर्क गर्न सक्नुहुन्छ।

**अनलाइन प्रशिक्षण :** समूहहरू मार्फत जानको लागि अनलाइन प्रशिक्षण उपलब्ध छ। लाइभ कोचहरू पनि उपलब्ध छन्। प्रशिक्षण साइट हो : **zumeproject.com.** चेलापन प्रशिक्षण समीक्षा भिडियोहरू यहाँ फेला पार्न सकिन्छ : **big.life/training/training-review-videos/**

**बच्चाहरूको लागि प्रशिक्षण :** हामीसँग बिगलाइफ प्रशिक्षणमा पाइने समान विधिहरू प्रयोग गरेर बच्चाहरूलाई चेला बनाउनको लागि डिजाइन गरिएको चेलापन प्रशिक्षण छ। अन्तरक्रियात्मक बाल खेलहरू र कथाहरू यस प्रशिक्षणको एक भाग हुन्।

**अनलाइन जेनेरेसनल म्यापिङ उपकरण :** एक अनलाइन उपकरण विकसित गरिएको छ जसले नेटवर्कहरूलाई उनीहरूको समूहहरू ट्र्याक गर्न अनुमति दिन्छ। एक पटक खाता सिर्जना गरेपछि तपाईंको जेन नक्सा अनलाइन बचत गर्न सक्नुहुन्छ। यो **noplaceleft.tools** मा फेला पार्न सकिन्छ।

# परिशिष्ट तलका पृष्ठहरुमा छ

## बप्तिस्मा

बप्तिस्मा भनेको सुसमाचारको "चित्र" हो जुन प्रतिकात्मक रूपमा हामीसँग येशू खीष्टको मृत्यु, दफन र पुनरुत्थानसँग जोडिएको छ । यो सधैं आफ्नो मुक्तिदाताको रूपमा येशू खीष्टमा विश्वाससँग जोडिएको हुन्छ । बप्तिस्मा आफैंमा मुक्तिको कार्य होइन, तर येशू खीष्टलाई प्रभुको रूपमा पछ्याउनको लागि परमेश्वरमा स्वीकार गर्ने कार्यको रूपमा विश्वासको साथ "विवाहित" हुनु हो । [रोमी १०:९-१०]। प्रेरितको पुस्तक पढ्नुहोस् : के भयो ?

- ✓ २:३७-४१
- ✓ ९:१७-१९
- ✓ १८:८
- ✓ २२:१४-१६

**चार प्रश्नहरू :**

1. कसले बप्तिस्मा लिन्छ ? [प्रेरित २:३८]
2. तिनीहरूले कहिले बप्तिस्मा लिन्छन् ? [क्यालेन्डर बनाम स्टपवाच]
3. कसले बप्तिस्मा दिन्छ ? [मत्ती २८:१९, यूहन्ना ४:२, प्रेरित ८:३५-३८; १०:४७-४८]
4. हामी कसरी बप्तिस्मा दिन्छौं ? [मर्कूस १:९-१०]

यदि तपाईंले बप्तिस्मा लिन आवश्यक छ भने, तपाईंलाई कसले र कहिले बप्तिस्मा दिनुपर्छ ? यदि तपाईंले पहिले नै बप्तिस्मा लिनुभएको छ भने, तपाईंले बाइबलको ढाँचा/क्रम - सुन्नु, विश्वास गर्नु, बप्तिस्मा लिनु आज्ञा पूरा गर्नुभयो ? के तपाईंले यसको सम्बोधन गर्न आवश्यक छ ?

बाइबलमा, एक व्यक्तिले पश्चात्ताप गर्ने र खीष्टलाई पछ्याउने निर्णय गरेपछि बप्तिस्मा हुन्छ । सामान्यतया एक व्यक्तिले येशूमा विश्वास गरेको केही घण्टा भित्र हुन्छ ।

**बप्तिस्माको लागि निर्देशनहरू**

पर्याप्त गहिराइको पानीमा उभिएर [कम्तिमा ३ फिट ठिक हुन्छ], बप्तिस्मा लिँदै गरेको व्यक्तिलाई आफ्नो दुवै हातले तपाईंको देब्रे हात समात्न लगाउनुहोस् । तपाईंको दाहिने हात तिनीहरूको पछाडि ढाडमा राख्नुहोस् । तिनीहरूलाई यी दुई प्रश्नहरू सोध्नुहोस् र तिनीहरूलाई स्वीकारात्मक जवाफ दिन लगाउनुहोस् :

> *"के तपाईंले येशू खीष्टलाई आफ्नो प्रभु र मुक्तिदाताको रूपमा ग्रहण गर्नुभएको छ ? के तपाईंको जीवनभर उहाँलाई आफ्नो राजाको रूपमा आज्ञापालन गर्ने र सेवा गर्ने तपाईंको अभिप्राय हो ?"*

त्यसपछि निम्न कुरा भन्नुहोस् :

> *"प्रभु येशूमा तपाईंको विश्वासको स्वीकारको आधारमा, म अब तपाईंलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा दिन्छु ।"*

तपाईंले तिनीहरूलाई आफ्नो बायाँ हातले तिनीहरूका हातहरुलाई अनुहारसम्म माथि लगेर पानीमा तल डुबाउदै गर्दा तिनीहरूलाई घुँडामा झुकाएर पछाडि डुब्न लगाउनुहोस्, र तिनीहरूलाई आफ्नो दाहिने हातले तिनीहरूको ढाडबाट सारेर शिरको पछाडि थाम्नुहोस् । तिनीहरूलाई पूर्ण रूपमा पानीमा डुबाउनुहोस् । त्यसपछि तिनीहरूलाई पानीबाट बाहिर निकाल्नुहोस् ।

## प्रभु भोज [संयुक्त बाँड्चुड]

1. रोटी र अंगूरको रस र/वा वाइन तयार गर्नुहोस् ।
2. आफ्नो समूहलाई आफ्नो पाप स्वीकार गर्दै मौन ध्यानमा केही समय बिताउन लगाउनुहोस् ।
3. १ कोरिन्थी ११:२३-२४ पढ्नुहोस् : "[२३]किनकि प्रभुबाट मैले जे पाएँ, सो तिमीहरूलाई सुम्पी पनि दिएँ, अर्थात् जुन रात उहाँ पक्राउ पर्नुभयो, त्यो रात प्रभु येशूले रोटी लिनुभयो, [२४]र धन्यवाद दिनुभएपछि उहाँले त्यो भाँच्नुभयो, र भन्नुभयो, "यो तिमीहरूका निम्ति मेरो शरीर हो । यो मेरो सम्झनाको निम्ति गर ।"
4. तपाईंको समूहका सदस्यहरूलाई रोटी खान लगाउनुहोस् ।
5. पढ्दै जानुहोस् १ कोरिन्थी ११:२५: "[२५]त्यसै गरी खाएपछि उहाँले कचौरा लिएर यसो भन्नुभयो, "यो कचौरा मेरो रगतमा भएको नयाँ करार हो । जहिले-जहिले तिमीहरू यो पिउँछौ, मेरो सम्झनामा यो अक्सर गर ।"
6. तपाईंको समूहका सदस्यहरूलाई अंगूरको जुस वा वाइन पिउन लगाउनुहोस् ।
7. पढ्दै जानुहोस् १ कोरिन्थी ११:२६ : "[२६]किनभने जहिले-जहिले तिमीहरू यो रोटी खान्छौ र यस कचौराबाट पिउँछौ, उहाँ नआउञ्जेल तिमीहरू प्रभुका मृत्युको घोषणा गर्दछौ ।"
8. प्रार्थना र/वा गीत गाएर प्रभु भोज अन्त्य गर्नुहोस् ।

## S.O.A.P.S. बाइबल अध्ययन

येशूको अनुयायीको रूपमा, हामीले दैनिक धर्मशास्त्र पढ्नुपर्छ । हरेक हप्ता बाइबलका कम्तीमा २५-३० अध्यायहरू पढ्नु राम्रो दिशानिर्देश हो । S.O.A.P.S. बाइबल अध्ययन विधि प्रयोग गरेर दैनिक अध्ययन नोट राख्नाले तपाईंलाई अझ धेरै बुझ्न, पालन गर्न र साझा गर्न मद्दत गर्नेछ । S.O.A.P.S. को अर्थ :

- ✓ **SCRIPTURE** (पवित्र शास्त्र) : आज तपाईंलाई विशेष अर्थ लाग्ने एक वा धेरै पदहरू लेख्नुहोस् ।
- ✓ **OBSERVATION** (अवलोकन) : राम्रोसँग बुझ्नको लागि ती पदहरू वा मुख्य बुँदाहरूलाई आफ्नै शब्दहरूमा पुनः लेख्नुहोस् ।
- ✓ **APPLICATION** (प्रयोग) : आफ्नो जीवनमा यी आज्ञाहरू पालन गर्नुको अर्थ के हो भनेर सोच्नुहोस् ।
- ✓ **PRAYER** (प्रार्थना) : तपाईंले सिक्नुभएको कुरा कसरी पालन गर्ने योजना बनाउनुभएको छ त्यो कुरा परमेश्वरलाई प्रार्थना गर्दै लेख्नुहोस् ।
- ✓ **SHARING** (साझा गर्नु) : परमेश्वरलाई सोध्नुहोस् कि तपाईंले सिकेका/लागू गरेका कुराहरूका बारेमा तपाईंले कसलाई साझा गरेको उहाँ चाहनुहुन्छ ।

S.O.A.P.S. ले काम गर्ने तरिकाको उदाहरण यहाँ छ :

S - "किनकि मेरा विचारहरू तपाईंका विचारहरू होइनन्, न त तपाईंका मार्गहरू मेरा मार्गहरू हुन्," प्रभु घोषणा गर्नुहुन्छ । "किनकि जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरा मार्गहरू तिमीहरूका चालहरूभन्दा र मेरा विचारहरू तिमीहरूका विचारहरूभन्दा उच्च छन् ।" [यशैया ५५:८-९]

O -म के जान्दछु र जानेको कुरा कसरी गर्न सक्छु भनेर एक मानवको रूपमा म सीमित छु । परमेश्वर कुनै पनि हिसाबले सीमित हुनुहुन्न । उहाँले ***सबै कुरा*** देख्नुहुन्छ र जान्नुहुन्छ । उहाँले ***सबथोक*** गर्न सक्नुहुन्छ ।

A - परमेश्वरले सबै कुरा जान्नुभएको र उहाँका मार्गहरू उत्तम भएका हुनाले यदि मैले आफ्नै काम गर्ने तरिकामा भर पर्नुको सट्टा उहाँलाई पछ्याएँ भने मैले जीवनमा धेरै सफलता पाउनेछु ।

P - प्रभु, तपाईंलाई खुसी पार्ने र अरूलाई मद्दत गर्ने गरी कसरी असल जीवन जिउने भनेर मलाई थाहा छैन । मेरो बाटोले गल्तीहरु निम्त्याउँछ । मेरा विचारले चोट पुऱ्याउँछ । बरु, कृपया मलाई तपाईंका मागहरु र तपाईंका विचारहरू सिकाउनुहोस् । मैले तपाईंलाई पछ्याउँदा तपाईंको पवित्र आत्माले मलाई निर्देशन दिनुभएको होस् ।

S - म यी पदहरू र यसको प्रयोग मेरो साथी, स्टीभसँग साझा गर्नेछु, जो कठिन समयबाट गुज्रिरहेका छन् र उसले सामना गरिरहेको महत्वपूर्ण निर्णयहरूको लागि निर्देशन चाहिन्छ ।

# खोजकर्ताहरुका लागि ३/३ भेटघाट ढाँचा

खोजकर्ताहरू (गैर-ख्रीष्टियनहरू) को लागि चेलापन समूहको यो सरलीकृत संस्करण हो जसमा तीन-तिहाई [३/३] प्रक्रिया प्रयोग गरिएको छ। यदि तपाईंलाई यसलाई परिमार्जन गर्न आवश्यक लाग्छ भने पनि तिनीहरूसँग सधैं तीन-तिहाई गर्ने प्रयास गर्नुहोस्, जसले गर्दा तिनीहरूको आत्मिक विकासको लागि सही ढाँचा स्थापित हुन सकोस्। याद राख्नुहोस्, तपाईं मानिसहरूलाई सुन्न, पालन गर्न र अरूलाई उनीहरूले सिकेका कुराहरू हस्तान्तरण गर्न सिकाउन चाहनुहुन्छ। यदि तपाईंलाई लाग्छ कि समूहमा गैर-ख्रीष्टियनहरू तिनीहरूका लागि तयार छन् भने अन्य तत्वहरू जस्तै दर्शन निर्माण र अभ्यासहरू सकेसम्म चाँडो थपिनुपर्छ।

नोट: तलको ढाँचा प्रयोग गरेर आफ्नो समूहमा फरक-फरक व्यक्तिहरूलाई सँगै समय बिताउनको लागि तिनीहरुका साथ प्राप्त गर्ने प्रयास गर्नुहोस् ताकि प्रत्येक हप्ता अगुवाई गर्दाखेरि तिनीहरू तपाईंमा निर्भर हुन नपरोस्। तपाईंले तलका प्रश्नहरूलाई नयाँ कागजातमा प्रतिलिपि गरेर राख्न सक्नुहुन्छ वा कागजको टुक्रामा लेखेर तपाईंले छलफलको नेतृत्व गर्न लगाउनुभएको व्यक्तिलाई दिन सक्नुहुन्छ। यसले तपाईंलाई अगुवाहरू विकास गर्न मद्दत गर्नेछ।

## पछाडी हेर्नुहोस्

**वास्ता।** आफ्नो समय अघि वा पछि सँगै खाना वा खाजा लिनुहोस्। यस हप्ताको कथा, वा प्रार्थनाको उत्तर साझा गर्नुहोस्। सबैको हप्ता कसरी बित्यो सोध्नुहोस्। यदि कोही संघर्ष गर्दैछन् भने, उसलाई/उनलाई, प्रार्थना गर्नुहोस् र त्यो व्यक्तिको हेरचाह गर्न पछि रहनुहोस्।

**जाँच्नुहोस्।**
एउटा प्रश्न सोध्नुहोस्, "गत हप्ता तपाईंले भन्नुभयो कि यो खण्डले तपाईंसँग बोलेको थियो र यसको बारेमा तपाईंले गर्नुपर्ने कुरा उल्लेख गर्नुभएको थियो। के तपाईंले गर्नुपर्छ भनेको कुरा गर्न सक्नुभयो ?

---

## माथि हेर्नुहोस्

**प्रार्थना गर्नुहोस्।** परमेश्वरसँग सरल र संक्षिप्त कुरा गर्नुहोस्। यस हप्ताको खण्डमा तपाईंलाई सिकाउन परमेश्वरलाई सोध्नुहोस्।

**पढ्नुहोस् र छलफल गर्नुहोस्। यस हप्ताको खण्ड पढ्नुहोस्।**
- *तपाईंलाई यो खण्डको बारेमा के **मन** पर्यो ?*
- *तपाईंले यो खण्डको बारेमा के **चुनौतीपूर्ण** पाउनुभयो ?*

**यो हप्ताको खण्ड फेरि पढ्नुहोस्।**
- *यस खण्डले **परमेश्वरको** बारेमा के सिकाउँछ ?*
- *यस खण्डले **मानिसहरुको** बारेमा के सिकाउँछ ?*

---

## अगाडि हेर्नुहोस्

**पालना र साझा गर्नुहोस्।** तलका प्रश्नहरूको बारेमा र तपाईंले आफ्नो समूहमा भर्खरै बोल्नुभएका बाइबलका खण्डहरूको आधारमा तिनीहरूलाई कसरी जवाफ दिन सक्नुहुन्छ भनेर सोच्नुहोस्। यदि तपाईंको समूह प्रार्थना गर्न सहज छ भने, प्रत्येक व्यक्तिलाई यी प्रश्नहरूको जवाफ कसरी दिने भनेर प्रार्थना गर्न लगाउनुहोस्। यदि तपाईंसँग यी मध्ये एक वा दुवै प्रश्नहरूको जवाफ छ भने समूहसँग साझा गर्नुहोस्।

*यो खण्डले तपाईंलाई व्यक्तिगत रूपमा कसरी बोल्यो ? तपाईंले यसको बारेमा गर्न आवश्यक केही छ ? के तपाईं कसैको बारेमा सोच्नुहुन्छ कि तपाईंले तिनीहरूलाई अझ राम्ररी परमेश्वरलाई चिन्न मद्दत गर्न यो साझा गर्न आवश्यक छ ?*

## खोजकर्ताहरुका लागि अध्ययन मार्गहरु

तपाईंको ३/३ बैठक ढाँचाको “माथि हेर्नुहोस्”[LOOK UP] भागको लागि आसा श्रृङ्खला, वा यूहनाको चिन्हहरु श्रृङ्खलामा निम्न खण्डहरू प्रयोग गर्नुहोस् । यी खण्डहरूको लागि तपाईंको समूहलाई एक भन्दा बढी भेटघाटको आवश्यकता हुन सक्छ । यी श्रृङ्खलाहरू विशेष गरी ती मानिसहरूका लागि डिजाइन गरिएका हुन् जसको अझै येशूसँग सम्बन्ध छैन ।

## आसा श्रृंखला [ खोजकर्ताहरुका लागि]

1. पापीको लागि आसा : लूका १८:९-१४
2. गरीबहरूका लागि आसा: लूका १२:१३-३४
3. भागेकाहरुको लागि आसा: लूका १५:११-३२
4. हराएकाहरुको लागि आसा: लूका १९:१-१०
5. शोकितहरूको लागि आसा: यूहन्ना ११:१-४४
6. खोजकर्ताको लागि आसा: यूहन्ना ३:१-२१

## यूहन्नाको चिन्हहरु [खोजकर्ताहरुको लागि]

1. पानीलाई दाखमद्यमा परिणत गरिएको : यूहन्ना २:१-१२
2. राजकीय अधिकारीको छोरा निको पारिएको : यूहन्ना ४:४६-५४
3. पक्षाघात निको पारिएको : यूहन्ना ५:१-१७
4. पाँच हजारलाई खुवाइएको: यूहन्ना ६:१-१४
5. पानीमा हिँड्नुभएको : यूहन्ना ६:१५-२५
6. जन्मजात अन्धो मानिस निको पारिएको : यूहन्ना ९:१-४१
7. लाजरसलाई मृतकबाट जीवित पारिएको : यूहन्ना ११:१-४६
8. पिताको लागि येशू मात्र बाटो हुनुहुन्छ : यूहन्ना १४:१-११

## खोज श्रृंखला

[बाइबल पृष्ठभूमि र परिचित हुन आवश्यक भएका समूहहरु एवं खोजकर्ता समूहहरूका लागि]

३/३

तपाईंको समूह वा खोजकर्ता समूहको “माथि हेर्नुहोस्” भागको लागि निम्न खण्डहरू प्रयोग गर्नुहोस् । तपाईंलाई केही खण्डहरूको लागि एक भन्दा बढी भेटघाटको आवश्यकता हुन सक्छ ।

**परमेश्वरलाई खोज्नुहोस् :** - परमेश्वर को हुनुहुन्छ र उहाँ कस्तो हुनुहुन्छ

1. सृष्टि - उत्पत्ति १
2. मानिसहरूको सृष्टि - उत्पत्ति २
3. मानिसहरूको अनाज्ञाकारिता - उत्पत्ति ३
4. नूह र जलप्रलय - उत्पत्ति ६:५ देखि ८:१४
5. नूहसँग परमेश्वरको प्रतिज्ञा - उत्पत्ति ८:१५-९:१७
6. परमेश्वर अब्राहामसँग बोल्नुहुन्छ - उत्पत्ति १२:१-७; १५:१-६
7. परमेश्वर पवित्र [पापरहित] हुनुहुन्छ - लेवी १९:२; व्यवस्था ३२:३-४
8. उहाँका मानिसहरूलाई परमेश्वरका आज्ञाहरू - प्रस्थान २०:१-२१
9. दाऊद अब्राहामका सन्तानका राजा बन्छ - १ शमूएल १६:१-१३; २ शमूएल ७:१-२८
10. राजा दाऊद र बथशेबा - २ शमूएल ११:१-२७
11. नातानको कथा - २ शमूएल १२:१-२५
12. दाऊदले आफूले गरेको पापको लागि क्षमा माग्छन् - भजन ५१:१-१७
13. परमेश्वरले मुक्तिदाता आउने प्रतिज्ञा गर्नुहुन्छ - यशैया ५३

**येशूलाई खोज्नुहोस् :** - येशू को हुनुहुन्छ र उहाँ किन आउनुभयो ?

1. मुक्तिदाताको जन्म भएको छ - मत्ती १:१८-२५
2. येशूको बप्तिस्मा - मत्ती ३:७-९, १३-१५
3. एक पागल मानिस निको हुन्छ - मर्कूस ५:१-२०
4. येशूले आफ्नो भेंडा कहिल्यै गुमाउनुहुन्न - यूहन्ना १०:१-३०
5. येशूले अन्धाहरूलाई निको पार्नुहुन्छ - लुका १८:३१-४२
6. येशू र जखायस - लूका १९:१-९
7. येशू र मत्ती - मत्ती ९:९-१३
8. येशू पापरहित हुनुहुन्छ - हिब्रू ४:१४-१६; १०:१-१४
9. येशु नै एक मात्र बाटो हुनुहुन्छ - यूहन्ना १४:१-१५
10. पवित्र आत्मा आउँदै हुनुहुन्छ - यूहन्ना १६:५-१५
11. अन्तिम रात्री भोजन - लुका २२:१४-२०
12. येशूको गिरफ्तारी र परीक्षा - लुका २२:४७-५३; २३:१३-२४
13. येशूको मृत्युदण्ड - लूका २३:३३-५६
14. येशू जीवित हुनुहुन्छ - लूका २४:१-७, ३६-४७; प्रेरित १:१-११
15. येशू एक दिन संसारको न्याय गर्न आउनुहुनेछ - १ थेस्सलोनिकी ४:१६-१७; मत्ती २५:३१-४

**ख्रीष्टियन जीवन खोज्नुहोस् :** - हामीले ख्रीष्टियनको रूपमा कसरी जीवन बिताउनुपर्छ ?

1. येशूमा विश्वास गरेर र हामीले गरेका पापहरूका लागि क्षमा गरिदिन उहाँसँग विन्ति गरेर हामी ख्रीष्टियन बन्छौं - प्रेरित २:३६-४१
2. मुक्तिको निश्चयताको साथ - १ यूहन्ना ५:११-१३; एफिसी १:१३-१४
3. क्षमाको निश्चयता साथ - १ यूहन्ना १:९
4. पवित्र आत्मा हामीमा बास गर्नुहुन्छ - यूहन्ना १४:१५-१८; तीतस ३:४-७
5. पवित्र आत्माले हाम्रो जीवनमा फल फलाउनुहुन्छ - गलाती ५:२२-२३
6. अन्य ईसाइहरूसँग सङ्गतीमा - हिब्रु १०:२४-२५
7. परमेश्वरसँग समय बिताउने [प्रार्थना र उहाँको वचन पढ्दै] - मर्कूस १:३५; भजनसंग्रह १९:७-११
8. पापमाथिको विजय गर्दै - १ पत्रुस १:१३-२५; २:१-३
9. प्रेममा बाँच्नु - मत्ती २२:३६-४०; १ कोरिन्थी १:१-७
10. चेला बनाउने र येशूका आज्ञाहरू पालन गर्न सिकाउने - मत्ती २८:१९-२०
11. उदारतापूर्वक दिएर - १ कोरिन्थी १६:१-२; २ कोरिन्थी ९:६-८
12. परमेश्वरले हामीलाई दिनुभएको आत्मिक वरदानहरू प्रयोग गर्दै - रोमी १२:१-८

## सबल श्रृङ्खला

[नयाँ विश्वासीहरू वा समूहहरूका लागि जसलाई गहन चेलापन चाहिन्छ]

३/३

**येशूका ७ आधारभूत आज्ञाहरु पालन गर्न सिक्नुहोस् ।** तपाईंको सूचीमा भएका मानिसहरूसँग येशूको बारेमा साझा गरिरहनुहोस् ।

1. सिक्नुहोस् र गर्नुहोस् - यूहन्ना १४:१५-२१
2. पश्चात्ताप गर्नुहोस् । विश्वास गर्नुहोस् । पछ्याउनुहोस् - मर्कूस १:१४-१७, एफिसी २:१-१०
3. बप्तिस्मा लिनुहोस् - मत्ती २८:१९, प्रेरित ८:२६-३८
4. परमेश्वरलाई प्रेम गर्नुहोस् । मानिसहरूलाई प्रेम गर्नुहोस् - लूका १०:२५-३७
5. परमेश्वरसँग कुरा गर्नुहोस् - मत्ती ६:९-१३ । येशूको नमूना प्रार्थना सिक्नुहोस् र अभ्यास गर्नुहोस् ।
6. येशूलाई सम्झनुहोस् र स्मरण गर्नुहोस् - लूका २२:१४-२०, १ कोरिन्थी ११:२३-३२
7. दिनुहोस् - प्रेरित ४:३२-३७
8. यसलाई अरुहरुलाई दिनुहोस् - मत्ती २८:१८-२०

**मैले पछ्याए जस्तै पछ्यानुहोस् ।** चेला बनाउनुहोस् । आफूले सिकेका कुराहरू अरूलाई दिनुहोस् । यी मानिसहरूलाई पनि अरूलाई सिकाउन लगाउनुहोस् ।

1. एउटा चेला खोज्नुहोस् [तिमोथी पावलका चेला थिए] - २ तिमोथी १:१-१४
2. तपाईंले सिकेका कुराहरू अरूलाई दिनुहोस् ; र तिनीहरूलाई त्यसै गर्न सिकाउनुहोस् - २ तिमोथी २:१-४, १४-१६
3. तपाईंले सिकेका कुराहरूमा जारी राख्नुहोस् ; झूटा शिक्षकहरूबाट होशियार - २ तिमोथी ३:१-१७
4. सहनशिल र तयार रहनुहोस् - २ तिमोथी ४:१-८

**तपाईंको समूहलाई गुणन गर्नुहोस् ।** आफ्ना चेलाहरूलाई नयाँ समूहहरूमा जम्मा गर्नुहोस् ।

1. सुरु गर्नुहोस् र योजना बनाउनुहोस्; शान्तिको व्यक्तिलाई खोज्नुहोस् - लूका १०:१-११ । तपाईंले नयाँ समूह सुरु गर्दा येशूका निर्देशनहरू सुन्नुहोस् ।
2. सँगै भेला हुनुहोस् - प्रेरित २:३६-४७
3. शान्तिको व्यक्ति [भाग २] - मर्कूस ५:१-२० । येशूको बारेमा आफ्नो कथा साझा गर्न इच्छुक मानिसहरू खोज्नुहोस् । त्यो व्यक्ति र तिनीहरूका साथीहरू र परिवारसँग समूह सुरु गर्नुहोस् ।
4. को तयार छ ? –मत्ती १३:१-९, १८-२३

**जानुहोस् : स्थानीय ।** आफ्नो स्थानीय समुदायमा कसरी पुग्ने भनेर जान्नुहोस् ।

1. जानुहोस् : स्थानीय - प्रेरित १:१-८
2. गरीबहरूलाई मद्दत गर्नुहोस् । सुसमाचार साझा गर्नुहोस् - लूका ७:११-२३
3. परमेश्वरले पठाउनुभएको ठाउँमा जानुहोस् - प्रेरित १०:९-४८
4. योजना लिएर जानुहोस् - प्रेरित १३:१-३, ३२-३३, ३८-३९; १४:२१-२३, २६-२७

**जानुहोस् : विश्वव्यापी ।** कसरी पृथ्वीको छेउसम्म पुग्ने जान्नुहोस् ।

1. जानुहोस् : विश्वव्यापी - प्रेरित १:१-८, मत्ती २८:१९-२०
2. परमेश्वरले पठाउनुभएको ठाउँमा जानुहोस् - प्रेरित ८:२६-४०
3. परमेश्वरले सबै मानिस, समूहलाई प्रेम गर्नुहुन्छ- यूहन्ना ४:४-३०, ३९-४१; प्रकाश ७:९-१२
4. ४. योजना लिएर जानुहोस् - प्रेरित १३:१-३, ३२-३३, ३८-३९; १४:२१-२३, २६-२७

**आधारभूत कुराहरु सम्झनुहोस् ।** भेटघाटमा के गर्ने सम्झनुहोस् ।

1. येशू पहिलो हुनुहुन्छ - फिलिप्पी २:१-११
2. परमेश्वरसँग कुरा गर्नुहोस् - मत्ती ६:५-१५
3. समुदाय - हिब्रू १०:२३-२५
4. बाइबल - २ तिमोथी ३:१०-१०

**प्रतिबद्धता ।** बलियो रहन सिक्नुहोस् र येशूलाई पछ्याइरहनुहोस् ।

1. अनाज्ञाकारिता - योना १
2. प्रतिबद्धता - योना २
3. आज्ञापालन - योना ३
4. सम्पूर्ण तवरले पालन गर्नुहोस् - योना ४


**अर्को कहाँ ?** तपाईंको आफ्नै बाइबल खण्डहरू छान्नुहोस् र भेट्न जारी राख्नुहोस् । एउटै प्रश्न र बैठक ढाँचा प्रयोग गर्नुहोस् ।

***प्रशिक्षण स्रोतहरु निम्न पृष्ठहरुमा छन्***

# पुस्तान्तरण नक्शाङ्कन

**अभ्यास् :** अब आफ्नो पुस्ताको नक्सा कोर्नुहोस् ।

गोलाकार घेराको माथि, तपाईंको समूहमा कतिजना मानिसहरू, विश्वासीहरू र बप्तिस्मा प्राप्त विश्वासीहरू छन् लेख्नुहोस् । यदि तपाईंको समूहले अभ्यास गरिरहेको छ भने गोलाकार घेरा भित्र तत्वहरू कोर्नुहोस् । यदि तपाईं तिनीहरूलाई गर्नुहुन्न भने, तिनीहरूलाई गोलाकार घेरा बाहिर राख्नुहोस् । तपाईंको समूह र तपाईंको समूहबाट सुरु भइरहेको समूहहरूमा के छुटेको छ जसले तिनीहरूलाई स्वस्थ बनाउन मद्दत गर्दछ ? गोलाकार घेराको तल, अगुवा, स्थान र सुरु मिति लेख्नुहोस् ।




**स्वस्थ समूहका तत्वहरु :**

1. निरन्तर एकसाथ भेला हुनुहोस् : थोप्ले रेखाको सट्टा ठोस रेखा ।
2. बप्तिस्मा
3. बाइबल
4. रोटी र दाखरस सँग येशूको सम्झना
5. सङ्गती
6. दिने र सेवकाई गर्ने
7. प्रार्थना
8. प्रशंसा
9. मानिसहरूलाई येशूको बारेमा बताउँने
10. अगुवाहरू

NE GENERATIONAL MAPPING TOOL: noplaceleft.tools

# मेन्टोरीङ (अगुवापन) मार्गदर्शनका ४ क्षेत्रहरु




## पछाडी हेर्दा :

- ✓ तपाईंले गत महिनादेखि आफ्ना लक्ष्यहरू पूरा गर्नुभयो ?
- ✓ तपाईंका सबैभन्दा ठूला चुनौतीहरु के के थिए ? [समूह, चेलाहरू, प्रशिक्षण, आदि]
- ✓ यी चुनौतीहरूलाई सम्बोधन गर्न तपाईंले कसरी काम गर्नुभयो ?
- ✓ कुनचाहिँले राम्रो काम गरिरहेको छ भनी तपाई विश्वास गर्नुहुन्छ ? [समूह, चेलाहरू, प्रशिक्षण, आदि]

## माथि हेर्दा :

- ✓ यो महिना परमेश्वरले तपाईंलाई के देखाउनुभएको छ ?
- ✓ म तपाईंको लागि कसरी प्रार्थना गर्न सक्छु ?

## अगाडी हेर्दा :

- ✓ यस महिनाको लागि तपाईंका उच्च प्राथमिकताहरू के के हुन् ?
- ✓ नयाँ क्षेत्रहरू वा सुसमाचार नपुगेका मानिसहरूका समूहहरूका लागि तपाईंका योजनाहरू के छन् ?
- ✓ म यो महिना तपाईंलाई कसरी सेवा दिन सक्छु ?

# ✔ मोड्युल १ - प्रशिक्षणको प्रगती जाँच सूची

| दिन-१: सल्लाहकारले निर्देशन र जानकारी दिन्छ (तपाईंले बुझ्नुभएको छैन वा गर्नुहुन्न)<br>दिन-२: सल्लाहकारले निर्देशन र समर्थन दिन्छ (तपाईंले यो गरिरहनुभएको छ, तर मद्दत चाहिन्छ)<br>दिन-३: सल्लाहकारले समर्थन र प्रोत्साहन दिन्छ (तपाईंले बुझ्नुहुन्छ र गर्नुहुन्छ; प्रश्नहरु हुन सक्छ)<br>दिन-४: सल्लाहकारले अद्यावधिकहरू प्राप्त गर्दछ (तपाईंले यसलाई निपुणता हासिल गर्नुभएको छ; कुनै मद्दत आवश्यक छैन) | नमूना<br>दिन १ | मद्दत<br>दिन १ | हेर्नु<br>दिन १ | छोड्नु<br>दिन १ |
|---|---|---|---|---|
| **परमेश्वरलाई प्रेम गर्नुहोस् - परमेश्वरलाई तपाईंको प्रेम कस्तो छ? (१-१०)** | | | | |
| परमेश्वरलाई सुन्नु र उहाँबाट सुन्नु: यूहन्ना ८:४२-४७ र १६:१२-१५ | | | | |
| परमेश्वरमा भरोसा राख्नुहोस् र आफ्नो विश्वासमा बढ्नुहोस्: मत्ती १४:२२-३३; हिब्रू ११:१-४० | | | | |
| आज्ञाकारितामा जवाफ दिनुहोस्: लूका ६:४६-४९; १ यूहन्ना २:३-६ | | | | |
| आफैलाई खुवाउने: | | | | |
| ✓ परमेश्वरको वचन दैनिक पढ्नुहोस्: भजन ११९:९-१६ | | | | |
| ✓ प्रार्थना: फिलिप्पी ४:६-७; एफिसी ६:१८ | | | | |
| ✓ सतावटको लागि तयार हुनुहोस्: २ तिमोथी ३:१२-१३ | | | | |
| ✓ शत्रुको प्रतिरोध गर्नुहोस्: मत्ती ४:१-१०; १ पत्रुस ५:६-११ | | | | |
| १-२ अन्य मानिसहरूसँग जवाफदेही हुनुहोस्: गलाती ६:१-६; उपदेशक ४:९-१२ (जवाफदेही समूह) | | | | |
| **अरूलाई प्रेम गर्नुहोस् - अरूलाई तपाईंको प्रेम कस्तो छ ? (१-१०)** | | | | |
| “एक-अर्का“ को अभ्यास गर्नुहोस्: यूहन्ना १३:३४; एफिसी ४:३२; कलस्सी ३.१३, रोमी १२:१०, रोमी १३:८, १ थेस्सलोनिकी ५:११ | | | | |
| सँगै भेला हुने : | | | | |
| ✓ सँगै भेला हुन जारीराख्ने प्रतिबद्धता : हिब्रू १०:१९-२५ | | | | |
| ✓ नयाँ विश्वासीहरूलाई बप्तिस्मा दिने : प्रेरित १६:२२-३४ | | | | |
| ✓ बाइबल पढ्नुहोस् र जान्नुहोस् : भजन ११९:१०५-११२ | | | | |
| ✓ प्रभु भोज मनाउनुहोस् : मत्ती २६:२०-३० | | | | |
| ✓ सङ्गती : फिलिप्पी २:१-११; १ यूहन्ना १:१-७ | | | | |
| ✓ दिने र सेवकाई गर्ने : प्रेरित ४.३२-३७, २ कोरिन्थी ९:६-११ | | | | |
| ✓ सँगै प्रार्थना गर्ने : प्रेरित १२:१-१७ | | | | |
| ✓ प्रशंसा र आराधना : भजन १००.१-६, एफिसी ५.१५-२० | | | | |
| ✓ मानिसहरूलाई येशूको बारेमा बताउँने : रोमी १०:८-१५; प्रेरित ८:१-८ | | | | |
| ✓ हेरचाह गर्ने नअगुवाहरू : हिब्रू १३:७-९, १७ | | | | |
| ✓ स्वास्थ्यका अन्य तत्वहरू : (उदाहरणका लागि: चिन्ह र आश्चर्य काम, सँगै खाने, खुशी र निष्कपट हृदय, आदि ...) | | | | |
| **चेला बनाउनुहोस् - चेला बनाउनुको अर्थ के हो ?** | | | | |
| कसैलाई चेला बनाउनुहोस् र तपाईंलाई अनुशासन गर्ने व्यक्तिसँग सम्पर्कमा रहनुहोस्: २ तिमोथी २:१-२; फिलिप्पी ३:१७ (हाँसको चल्ला चेलापन) | | | | |
| परमेश्वरको राज्य कहाँ छैन भनेर हेर्नुहोस्: रोमी १५.१७-२२ | | | | |
| प्रार्थनामा हिँड्नुहोस् र शान्तिका मानिसहरूलाई खोज्नुहोस्: लूका १०.१-१२ | | | | |
| किन? कसलाई? कसरी ? | | | | |
| ✓ किन ? परमेश्वरको प्रेम र महिमा: ४ आज्ञाहरू र ४ बोलावटहरू | | | | |
| ✓ को ? तपाईंको सम्बन्धको सञ्जाल: मत्ती ९:९-१३ (नक्सा/नामहरूको सूची) | | | | |
| ✓ कसरी ? आफ्नो कथा भन्नुहोस्: मर्कूस ५:१-२० (येशू अघि/पछि जीवन) | | | | |
| ✓ कसरी ? परमेश्वरको कथा बताउनुहोस्: प्रेरित २:१-४१ (३ सर्कल; C2J, आदि) | | | | |
| ३/३ ढाँचा प्रयोग गरेर चेला बनाउनुहोस्: एज्रा ७:१०; मत्ती २८:१६-२० | | | | |
| २ समूहको भाग बन्नुहोस्: प्रेरित १३:१-३ र १४:२१-२८ | | | | |
| आफ्नो चेला(हरू) सँग MAWL: १ कोरिन्थी ४:१४-२१ र ११:१-२ | | | | |

मेरो सल्लाहकार: ______________________ मेरो चेला(हरु): ______________________

# शहर/क्षेत्रीय भेटघाट (उत्सव सेवा)

एकचोटि तपाईंले ३/३ ढाँचा प्रयोग गरेर धेरै समूहहरू सुरु गरेपछि, तपाईंले चाहनुभएको खण्डमा तिनीहरूलाई शहर/क्षेत्रीय भेला वा प्रशिक्षणको लागि कहिलेकाहिँ सँगै ल्याउन सक्नुहुन्छ । तपाई महिनाको एक पटक, ३ महिनामा एक पटक वा विशेष कार्यक्रमहरूको लागि मात्र भेट्ने निर्णय गर्न सक्नुहुन्छ । यदि तपाई एक शहर भेलाको रूपमा भेट्दै हुनुहुन्छ भने, ५-१२ समूहहरूलाई सँगै भेला गराउन सक्नुहुन्छ । त्यसपछि आवश्यक रूपमा थप शहर भेलाहरू सुरु गर्नुहोस् । यस उत्सव सेवा वा प्रशिक्षणको क्रममा समूहहरूले ख्रीष्टको ठूलो शरीरसँग अन्तरक्रिया गर्न सक्षम हुनेछन् र नयाँ समूहहरू गठन भएपछि र अभियान ठूलो हुँदै जाँदा भइरहेको अभियानबाट उनीहरु प्रोत्साहित हुनेछन् । तल एक ढाँचा छ जसलाई तपाईंको उत्सव सेवाको लागि अनुकरण गर्न सक्नुहुन्छ :

## ⬅ पछाडी हेर्नुहोस्

**गवाहीहरू ।** अरूलाई बिग लाइफ (ठूलो जीवन) जिउँन प्रोत्साहित गर्नका लागि मानिसहरूले कसरी समूहहरू सुरु गर्न, मानिसहरूलाई ख्रीष्टमा विश्वासमा ल्याउन सक्षम भए, वा परमेश्वरले तिनीहरूको जीवनमा कसरी काम गरिरहनुभएको छ भन्ने अन्य गवाहीहरू साझा गर्न समय बिताउनुहोस् । संसारभरका बिगलाइफ चेलाहरूबाट गवाही वा कथाहरू बताउदै बिगलाइफसँग राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा के भइरहेको छ भनी साझा गर्न पनि यो समय प्रयोग गर्न सकिन्छ ।

**आराधना ।** प्रार्थना, गायन, नृत्य, नाटक, प्रभु भोज, वा अन्य आत्मिक वरदानहरू प्रयोग गरेर एकसाथ भेला भएका ख्रीष्टको शरीरलाई प्रोत्साहन दिन प्रभुको आराधना गरेर समय बिताउनुहोस् । तपाईंले भर्खरै साझा गर्नुभएको गवाहीहरूबाट उहाँले मानिसहरूको जीवनमा के गरिरहनुभएको छ भनेर परमेश्वरको प्रशंसा गर्नुहोस् ।

## ⬆ माथि हेर्नुहोस्

**शिक्षण/प्रशिक्षण ।** यो समय अगुवापनसँग सम्बन्धित थप उन्नत शिक्षण विषयहरूतर्फ बढाइएको हुन्छ । जहाँ प्रेरितहरू, अगमवक्ताहरू, प्रचारकहरू, गोठालाहरू र शिक्षकहरूले मानिसहरूलाई आधारभूत कुराहरू भन्दा बाहिरका सेवकाई कौशलताद्वरा सुसज्जित पार्न सक्छन् । यस शिक्षालाई समूहहरूमा सुरु भएको समस्यालाई हप्काउन वा सच्याउन पनि प्रयोग गर्न सकिन्छ [२ तिमोथी ३:१६-१७] वा मानिसहरूले परमेश्वरले उनीहरूलाई प्रकट गरिरहनुभएको कुरा पालन गर्दा चेलापन अभियान कस्तो हुन सक्छ भनेर दर्शन निकाल्नलाई पनि प्रयोग गर्न सकिन्छ । यस समयमा महत्वपूर्ण प्रशिक्षण विषयहरू समीक्षा गर्न सकिन्छ ।

## ➡ अगाडी हेर्नुहोस्

**पालना गर्नुहोस् । प्रशिक्षण दिनुहोस् । साझा गर्नुहोस् । दिनुहोस् ।** यदि त्यहाँ कुनै आज्ञाकारिता हुन आवश्यक छ भने उनीहरूले शिक्षण पाठलाई कसरी पालन गर्न आवश्यक छ भनेर मानिसहरूलाई प्रार्थना गर्न लगाउन समय निकाल्नुहोस् । अभियानका अगुवाहरूलाई मानिसहरूसँग आगामी कार्यक्रमहरू वा सेवाका अवसरहरू साझा गर्न लगाउनुहोस् जहाँ समूहहरूले भाग लिन सक्छन्, जस्तै आउटरिच कार्यक्रमहरू । यदि ख्रीष्टको शरीर भित्र कुनै आवश्यकताहरू छन् भने, ती साझा गर्न सकिन्छ र तपाईंले तिनीहरूका लागि प्रार्थना गर्न सक्नुहुन्छ वा पैसा वा स्रोतहरू सङ्कलन गर्न सक्नुहुन्छ । उपस्थित हुनेहरूलाई तिनीहरूले आफ्नो कथा र परमेश्वरको कथा कसलाई साझा गर्न सक्छन् भन्ने बारे प्रार्थना गर्न प्रोत्साहित गर्नुहोस् । यस क्षेत्रमा कुनै पनि आगामी प्रशिक्षणको लागि अवसरहरुको बारेमा साझा गर्नुहोस् ।

## चेला निर्माणकर्ताहरु [प्रशिक्षकहरु] का लागि सुझावहरु

तलका बुँदाहरू चेलापन अभियानलाई कसरी अगाडि बढाउने भन्ने बारे अनुभवी चेला निर्माणकर्ताहरूबाट आएका उपयोगी सुझावहरू र अपेक्षा गर्न सकिने केही कुराहरू हुन् :

- ✓ सफल चेलापन अभियानका सुरुवातकर्ताहरूले धेरै मानिसहरूलाई दर्शन बताएर थौरैलाई खोज्दछन् जहाँ दुवैले "म गर्छु" भन्नेछन् ।
- ✓ प्रशिक्षकहरूले "गर्नेहरू" मा समय लगानी गर्नुपर्छ । उनीहरुले नै अभियान सुरु गर्नेछन् । उपस्थितहरू मध्ये म गर्छु भन्नेहरु मुश्किलले १०-२०% भन्दा बढी हुन्छन् । फल नफलाउने मानिसहरूलाई आफ्नो धेरै समय नदिनुहोस् । त्यहाँ ४ प्रकारका मानिसहरू आउनेछन् :
    - सहभागीहरू [केही नगर्नेहरू]
    - साक्षीहरू [मानिसहरूलाई विश्वासमा डोऱ्याउने तर समूह सुरु नगर्ने]
    - सुरुवातकर्ताहरू [जो साक्षी दिन्छन् र बिश्वासमा आएकाहरुबाट नयाँ समूहहरू सुरु गर्छन्, तर तिनीहरूको समूहलाई कसरी गुणन गर्ने भनेर सिकाउँदैनन्]
    - प्रशिक्षकहरू [साक्षी दिनेहरू, उनीहरूले विश्वासमा ल्याएकाहरूसँग नयाँ समूहहरू सुरु गर्छन्, र ती समूहहरूलाई साक्षी दिन र नयाँ समूहहरू सुरु गर्न सिकाउँछन्]
- ✓ "१० देखि २०% चेलाहरू [प्रशिक्षकहरू]" फेला पार्नका लागि तालिमहरू र प्रक्षेपण समूहहरू सुरु गरेर आफ्नो तालिका भर्नुहोस् ।
- ✓ प्रशिक्षकहरूलाई कम्तिमा दुई समूहहरू सुरु गर्न प्रोत्साहन दिनुहोस्, किनकि गुणनको शक्ति धेरै हुन्छ ।
- ✓ तपाईंले सम्भावित रूपमा एक हप्ता बिराएर समूहहरूलाई भेट्न लागाउन सक्नुहुन्छ, जसले गर्दा प्रशिक्षकहरूले तिनीहरूका प्रशिक्षार्थीहरूसँग खाली हप्ताहरूमा भेट्न सक्नेछन् [डीएनए स्थापित भएपछि र समूहहरू नियमित भएपछि मात्र यो गर्नुहोस् । सुरुमा तपाईं हरेक हप्ता भेट्नुहुनेछ]
- ✓ तपाईंले तीन-तिहाई प्रक्रियालाई निश्चित रुपले बुझ्नुहोस् र अभ्यास गर्नुहोस् !
- ✓ जवाफदेहिता प्रश्नहरू सोध्ने : हो/होइन प्रश्नहरू नगर्नुहोस् । खुला-समाप्त प्रश्नहरू सोध्नुहोस् जस्तै:
    - साक्षी : तपाईं कसलाई साक्षी दिँदै हुनुहुन्छ ? कसले विश्वास गऱ्यो ?
    - सुरुकर्ता : तपाईंले तिनीहरूलाई यस्तै प्रक्रियामा कहिले तालिम दिनुहुन्छ ?
    - प्रशिक्षक : यी नयाँ विश्वासीहरूले अरूलाई कसरी साक्षी दिइरहेका छन् र आत्मा जितिरहेका छन् ?
    - प्रशिक्षकहरूका प्रशिक्षक : तिनीहरूले आफ्ना समूहहरुलाई कहिले तालिम दिइरहेका छन् ?
    - प्रशिक्षकहरूलाई तालिम दिने प्रशिक्षकहरूका प्रशिक्षक: तपाईंले प्रशिक्षण दिनुभएका प्रशिक्षकहरूले उनीहरूका नयाँ समूहहरूलाई कसरी प्रशिक्षण दिँदै छन् ?
- ✓ तपाईंले अर्को बैठकमा यसको बारेमा सोध्ने योजना नगरेसम्म कुनै गृहकार्य वा लक्ष्य नदिनुहोस्... अन्यथा तपाईंले आज्ञाकारितामा आधारित चेलापनलाई समाप्त गर्नुहुनेछ !
- ✓ एक पटक अभियान सुचारु भइसकेपछि, तपाईंले समूहहरूसँग केही समय [निगरानी चरण] बिताउनुपर्नेछ, जसको अवधि सामान्यतया २-३ वर्षको हुन्छ । अन्ततः लक्ष्य पूरा नभएसम्म तपाईं त्यहाँ रहन आवश्यक छ : चौंथो पुस्ताका विश्वासीहरू [प्रशिक्षकहरूका प्रशिक्षकहरू खडा हुन्छन्] र परिपक्व अगुवाहरू खडा हुनेछन् जसले के गर्ने भनेर बुझ्न सक्छन् ।
- ✓ यदि तपाईंले तीन-तिहाई प्रक्रिया राम्रोसँग गर्नुभयो भने स्वाभाविक रूपमा अगुवापन विकास हुनेछ । जवाफदेहिताले नेतृत्वमा समस्याहरू ल्याउन सक्छ, जसलाई तपाईंले सम्बोधन गर्न सक्नुहुन्छ ।
- ✓ प्रत्येक विश्वासीलाई चेला निर्माणकर्ता [प्रशिक्षक] बन्न तालिम दिइन्छ, त्यसैले मानिसहरूले आफूले गर्नुपर्ने कुराहरू पालन गरेमा तपाईंसँग सधैं उदीयमान अगुवाहरू [प्रशिक्षकहरू] हुन सक्छन् ।

# चेलापन अभियानका विशिष्टताहरु

**गति निरोधकहरू जसले अभियानलाई कम गर्छ :**

- ✓ **चर्च भवनहरू निर्माण**
  - भवनहरूले मानिसहरूका समय र पैसा खर्च गर्छन् र पुनरुत्पादन गर्न सजिलो हुँदैन ।
  - तसर्थ, हामी घर, अफिस वा निःशुल्क जहाँ पनि भेट्न प्रोत्साहन गर्छौं ।
- ✓ **चर्च कार्यक्रमहरू**
  - मानिसहरूले चेला बनाउँछन्, कार्यक्रम होइन । कार्यक्रममा समय र पैसा पनि खर्च हुन्छ । तिनीहरू पनि पुनरुत्पादन गर्न र अन्य विश्वासीहरूलाई हस्तान्तरण गर्न सजिलो छैन ।
  - त्यसकारण, हामी सम्बन्धमा आधारित, जीवन-बाट-जीवन चेलापनलाई, चेला बनाउन प्रोत्साहित गर्छौं ।
- ✓ **विदेशी मिसनरीहरू**
  - विदेशी मिसनरीहरूले नयाँ भाषा, संस्कृति सिक्न र स्थानीयहरूसँग सम्बन्ध निर्माण गर्न आवश्यक छ । यो पूरा गर्न वर्षौं लाग्नेछ ।
  - तसर्थ, हामीले पहिले नै भाषा, संस्कृति जान्ने र आफ्नो देशमा सम्बन्ध र परिवार भएका स्थानीयहरूलाई सशक्त बनाउँछौं । तिनीहरूसँग विदेशी मिसनरीहरू प्रवेश गर्न नसक्ने ठाउँहरूमा पनि पहुँच छ र उनीहरूलाई घरको यादले पनि सताउदैन । कार्य क्षेत्रमा पश्चिमी मिसनरीलाई उतार्नुको तुलनामा तिनीहरूलाई नै सुसज्जित गर्न कम खर्चिलो हुन्छ ।
- ✓ **बाइबल स्कूल**
  - एक अगुवा हुनको लागि सेमिनारीमा औपचारिक प्रशिक्षण लिनैपर्छ भन्ने छैन ।
  - यदि कसैले बाइबल स्कूलमा जानको लागि १ देखि ४ वर्षसम्म आफ्नो गाउँ छोड्नुपर्यो भने, तिनीहरूले मानिसहरूसँगको सम्बन्ध गुमाउनेछन् । तिनीहरूले यो पनि सोच्नेछन् कि यदि अरूहरू समूहको अगुवा बन्न चाहन्छन् भने, ती मानिसहरूले पनि बाइबल स्कूलमा जान छोड्नुपर्छ … जुन सजिलै पुनरुत्पादन गर्न सकिने मोडेल होइन ।
  - त्यसकारण, हामी जीवनबाट जीवन चेलापनलाई प्रोत्साहित गर्छौं । एक विश्वासी परिपक्व भएपछि, उसले/तिनले एक अनुभवी चेला निर्माणकर्ताको "सहयोगी प्रशिक्षक" भएर उनीहरुबाट सिक्न सक्छन् । यी सबै कुराहरु विश्वासीको सामान्य दैनिक जीवनको सन्दर्भमा गर्न सकिन्छ ।

**बृद्धिका लागि उत्प्रेरकहरू : अभियानलाई गति दिने कुराहरू**

- ✓ सामग्रीहरू र अवधारणाहरू सरल, पुनःउत्पादनयोग्य र विश्वासीहरूबाट विश्वासीहरुमा हस्तान्तरण गर्न सजिलो हुनुपर्छ । तिनीहरू मानिसहरुको हृदयको भाषामा पनि हुनुपर्छ ।
- ✓ स्थानीय विश्वासीहरूलाई आफ्नै मानिसहरूलाई चेला बनाउन सशक्त बनाउने ।
- ✓ सामान्य अगुवा समूहहरू [हाम्रो आदर्श, तर यसको सधैं अनुसरण भइरहेको छैन] ।
- ✓ आज्ञाकारीलाई अनुगमन गर्ने उत्तरदायित्वको साथ आज्ञाकारितामा आधारित चेलापन ।
- ✓ सबै विश्वासीहरूलाई सुसमाचार सुनाउने र चेला बनाउने तालिम दिइएको हुन्छ ।
- ✓ जीवनबाट जीवन चेलापन ।
- ✓ सुसमाचार सुनाउने र बिश्वासमा ल्याउने व्यक्तिद्वारा बप्तिस्मा दिइएको ।
- ✓ प्रार्थना, विश्वास र परमेश्वरले तपाईंलाई जे गर्न भन्नुभएको छ त्यसको आज्ञापालन । सबै विश्वासीहरू आफ्ना आत्मिक वरदानहरू प्रयोग गर्दै सुसमाचार प्रचार र चेलापनमा संलग्न हुन्छन् ।
- ✓ २ तिमोथी २:२ सिद्धान्त ।
- ✓ सशक्तिकरण गरिएका र आत्मनिर्भर हुने महत्वपूर्ण तत्वहरू सिकाइएका विश्वासीहरु छन् ।
- ✓ बिश्लेषणात्मक, सहभागीतामूलक बाइबल अध्ययन ।
- ✓ गुणनात्मक बृद्धिका लागि दर्शन ।

**परमेश्वरले हामीलाई किन बचाउनुभयो ?**

परमेश्वरले हामीलाई उहाँको अनुग्रह र कृपाद्वारा बचाउनुभयो (एफिसी २:४-६)। उहाँले हामीलाई उहाँको प्रेम (यूहन्ना ३:१६-१८), उहाँको महिमा (एफिसी १:११-१४) र हामी जाने र उहाँको महिमा संसारभर फैलाउने उहाँको इच्छाको कारणले हामीलाई बचाउनुभयो (२ कोरिन्थी ५:१७-२१, हबकूक २:१४)।

**४ आज्ञाहरू** [मत्ती २८:१९-२०]

1. जानुहोस्
2. चेला बनाउनुहोस्
3. तिनीहरूलाई बप्तिस्मा दिनुहोस्
4. तिनीहरूलाई आज्ञा पालन गर्न सिकाउनुहोस्

**४ बोलावटहरू**

1. माथिबाट बोलावट : मर्कूस १६:१५
2. तलबाट बोलावट : लूका १६:२७-२८
3. भित्रबाट बोलावट : १ कोरिन्थी ९:१६-१७
4. बाहिरबाट बोलावट : प्रेरित १६:९


---

**कसलाई ? तपाईंको सम्बन्ध संजाल** २०

परमेश्वरसँग सम्बन्ध नभएका २० जना व्यक्तिहरूको नाम लेख्नुहोस्। तिनीहरूको लागि प्रार्थना गर्नुहोस् र तिनीहरूसँग आफ्नो कथा र परमेश्वरको कथा साझा गर्नुहोस्।

---

**कसरी ? तपाईंको कथा साझा गर्नुहोस्**




---

**कसरी ? परमेश्वरको कथा साझा गर्नुहोस्**




**समूह भेटघाट ढाँचा [३/३]**

**पछाडी हेर्नुहोस्**

**वास्ता र आराधना**

**जाँच**

- तपाईंले कसरी **आज्ञापालन** गर्नुभयो ?
- तपाईंले कसलाई **प्रशिक्षण** दिनुभयो ?
- के तपाईंले कसैलाई तपाईंको कथा वा परमेश्वरको कथा **साझा** गर्नुभयो ?

**दर्शन** : चेलाहरु र समूहहरु गुणन गर्ने

---

**माथि हेर्नुहोस्**

**प्रार्थना गर्नुहोस्**

**वचन खण्ड पढ्नुहोस्**

तपाईंलाई के **मन** पर्‍यो ?

तपाईंलाई के **चुनौतीपूर्ण** लाग्यो ?

**फेरि वचन खण्ड पढ्नुहोस्**

यसले **परमेश्वरको** बारेमा के सिकाउँछ ?

यसले **मानिसको** बारेमा के सिकाउँछ ?


---


**पछाडी हेर्नुहोस्**

प्रार्थना गर्नुहोस् र परमेश्वरलाई सुन्नुहोस्। तपाईं कसरी आज्ञापालन गर्न सक्नुहुन्छ ? तपाईं कसलाई तालिम दिन सक्नुहुन्छ ? तपाईं कोसँग साझा गर्न सक्नुहुन्छ ? समूहसँग आफ्नो प्रतिबद्धता साझा गर्नुहोस्।


**अभ्यास:** तपाईंले आजको पाठलाई कसरी पालन गर्नुहुन्छ वा पुन: बताउनुहुन्छ भन्ने भूमिका खेल्नुहोस्। **प्रार्थना** गरेर समाप्त गर्नुहोस्।

**चेलाले सुन्छ, पालन गर्छ, र येशूका आज्ञाहरु अरुलाई बताउँछ ।**







२ तिमोथी २:२




परमेश्वरको दर्शन हरेक व्यक्ति, हरेक मानिस र स्थानको लागि हो




शान्तिको मानिस खोज्नुहोस्
(लूका १०:१-११)





पैदल प्रार्थना यात्रामा जानुहोस्

हाँसको चल्ला चेलापन



जवाफदेहिता समूह


२-३ एउटै लैंगिक मानिसहरु; धर्मशास्त्र पढ्ने र जीवनमा लागू गर्ने; सँगै प्रार्थना गर्ने; पाप स्वीकार गर्ने

नमूना — आफ्ना चेलाहरुलाई यो गर्ने तरिका देखाउनुहोस्

सहयोग — आफ्ना चेलाहरुलाई यो गर्नको लागि मद्दत गर्नुहोस्

हेर्नुहोस् — आफ्ना चेलाहरुले यो गर्दा हेर्नुहोस्

छोड्नुहोस् — यो गर्नको लागि आफ्ना चेलाहरुलाई जिम्मेवारी दिनुहोस्



## यूहन्नाका चिन्हहरु (खोजकर्ताहरु)

यूहन्ना २:१२; यूहन्ना ४:४६-५४; यूहन्ना ५:१-१७; यूहन्ना ६:१-१४; यूहन्ना ६:१५-२५; यूहन्ना ९:१-४१; यूहन्ना ११:१-४६; यूहन्ना १४:१-११

## आसा श्रृंखला (खोजकर्ताहरु)

लूका १८:९-१४; लूका १२:१३-३४; लूका १८:९-१४; लूका १५:११-३२; लूका १९:१-१०; यूहन्ना ३:१९-२१

## खोज श्रृंखला (खोजकर्ताहरु/नयाँ चेलाहरु)

परमेश्वरलाई खोज्नुहोस्

उत्पति १; उत्पति २; उत्पति ३; उत्पति ६:५ देखि उत्पति ८:१४; उत्पति ८:१५-९:१७; उत्पति १२:१-७; र १५: ९:१-६; लेवी १९:२ र व्यवस्था ३२:३-४; प्रस्थान २०:१३-२१; १ शामूयल १६:१-१३; २ शामूयल ११:१३-२७; २ शामूयल १२:१-२५; भजन सँग्रह ५१:१-१७; यशैया ५३

येशूलाई खोज्नुहोस्

मत्ती १:१८-२५; मत्ती ३:७-९,१३-१५; मर्कूस ५:१-२०; यूहन्ना १०:१-३०; लूका १८:३१-४२; लूका १९:१-९; मत्ती ९:९-१३; हिब्रु ४:१४-१६ र १०:१-१४; यूहन्ना १४:१-१५; यूहन्ना १६:५-१५; लूका २२:१४-२०; लूका २२:४७-५३ र २३:१३-२४; लूका २३:३३-५६; लूका २४:१-७, ३६-४७; प्रेरित १:१-११; १ थेस्सलोनीकी ४:१६-१७

## सुरु मार्ग स्टार्ट ट्र्याक (नयाँ चेलाहरू)

[१] किन/कसलाई/कसरी [२] पवित्र आत्मा: यूहन्ना १४:१५-१८; तीतस ३:४-७ [३] आफ्नो कथा बताउनुहोस् : मर्कूस ५:१-२० [४] परमेश्वरको कथा बताउनुहोस् : १ कोरिन्थी १५:१-८, रोमी ३:२३, रोमी ६:२३ [५] अनुगमन र माछा: मर्कूस १:१६-२० [८] बप्तिस्मा: रोमी ६:३-४; प्रेरित ८:२६-४० [७] नयाँ पहिचान: एफिसी १:३-१४; रोमी ६:६-१४ [८] बाइबल: २ तिमोथी ३:१४-१७ [९] परमेश्वरसँग कुरा गर्नुहोस् : मत्ती ६:९-१३ [१०] कठिन समय: प्रेरित ५:१७-४२; मत्ती ५:४३-४४ [११] स्वस्थ चेला बन्ने: प्रेरित २:३६-४७, १ कोरिन्थी ११:२३-३४

[१] सँगै भेला हुनुहोस् : हिब्रु १०:१९-२५

[२] बप्तिस्मा : प्रेरित १६:२२-३४

[३] बाइबल पढ्नुहोस् : भजनसंग्रह ११९:१०५-११२

[४] प्रभु भोज : मत्ती २६:२०-३०

[५] सङ्गती : फिलिप्पी २:१-११; १ यूहन्ना १:१-७

[६] दिने र सेवकाई गर्ने: प्रेरित ४:३२-३७; २ कोरिन्थी ९:६-११


[७] सँगै प्रार्थना गर्ने : प्रेरित १२:१-१७

[८] प्रशंसा र आराधना : भजन १००:१-६, एफिसी ५:१५-२०


[९] साक्षी: रोमी १०:८-१५; प्रेरित ८:१-८


[१०] हेरचाह गर्ने अगुवाहरू: हिब्रु १३:७-९, १७








5



?










3/3